म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २७२ | बुधबार, ३१ बैशाख २०८२ | ने. सं. ११४५ बछलागा | 14 May 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कुलेखानी-कलंकी-हुमाने सडक खण्ड १९ दिन बन्द हुने

हेटौंडा, ३० बैशाख/हेटौंडा-काठमाडौं जोड्ने कुलेखानी-कलंकी-हुमाने सडक खण्ड १९ दिन बन्द हुने भएको छ । सडक स्तरोन्नतिका लागि १९ दिन सवारी आवागमन बन्द गरिएको हो । जिल्ला प्रशासन कार्यालय मकवानपुरले मंगलबार एक सूचना जारी गर्दै यो सडक बन्द गर्ने निर्णय भएको जनाएको हो । यो सडक पूर्वाधार विकास कार्यालय, हेटौंडा, मकवानपुरमार्फत् ठेक्का लागि हाल मर्मत तथा स्तरोन्नतिको काम भइरहेको छ । पूर्वाधार विकास कार्यालय, हेटौंडाको पत्राचार बमोजिम ईन्द्रसरोवर गाउँपालिकास्थित कुलेखानी-कलंकी-हुमाने सडक खण्ड कालोपत्रे गर्ने प्रयोजनका लागि जेठ २ गतेदेखि २० गतेसम्म (१९ दिन) बन्द गरिने भएको हो । १९ दिन यो सडक खण्डमा सवारी आवागमन पूर्णरुपमा बन्द हुने भएकोले यो अवधिमा हेटौंडा-काठमाडौं आवतजावतका लागि अन्य वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ । जिल्ला प्रशासन कार्यालयले यो अवधिमा कान्ति लोकपथ वा कुलेखानी-सिस्नेरी-फर्पिङ सडकको प्रयोग गर्न आग्रह गरेको छ ।

संघीय सरकारलाई मुख्यमन्त्रीको चुनौती:

# 'हेटौंडा सिमेन्टको स्वामित्व प्रदेशलाई दिनुस्, नाफामा लाने ग्यारेन्टी हाम्रो'

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले हेटौंडा सिमेन्ट उद्योग र कपडा उद्योगको स्वामित्वको प्रदेशले पाए नाफामा लैजाने बताएका छन् ।

मंगलबार हेटौंडामा भएको मुख्यमन्त्रीसँग युवा संवाद कार्यक्रममा बोल्दै मुख्यमन्त्री लामाले आफूले केही समयअघि संघीय सरकारसँग सिमेन्ट उद्योग र कपडा उद्योगको स्वामित्व प्रदेश सरकारलाई दिन माग गरिएको तर, केन्द्रिकृत मानसिकता हाबी हुँदा संघ सरकारले स्वामित्व दिन नमानेको उल्लेख गरे । 'हेटौंडा सिमेन्ट मलाई दिनुस्, दुई वर्षभित्र नाफा कमाएर देखाईदिन्छु, हामी पनि प्रयोग गर्छौं भनेको तर, दिनै चाहेन' उनले भने । त्यसैगरी कपडा उद्योगको पुनर्निर्माण गरेर सञ्चालन गर्ने प्रस्ताव पनि आफूले संघीय सरकारसमक्ष राखेको उनले बताए ।

'प्रदेश सरकारलाई उद्योग दिए प्रत्येक वर्ष नाफा नै नाफा हुने गरी सञ्चालन गर्ने ग्यारेन्टी दिन्छौं' उनले भने, 'स्थानीयस्तरको जनशक्ति प्रयोग गरेर रोजगारीको अवसर सिर्जना हामी गर्न सक्छौं ।' मुख्यमन्त्री लामाले पुँजीको अभावमा उद्योग रुग्ण अवस्थामा पुगेको जिकिर गरे । स्थानीयस्तरमै उपलब्ध जनशक्ति प्रयोग गरेर उद्योगलाई नाफामा लैजान सक्ने क्षमता प्रदेशसँग भएको उनले दाबी गरे । मुख्यमन्त्री लामाले स्थानीयस्तरकै उत्पादन प्रयोग गर्ने नीति ल्याएर कपडा उद्योगलाई पनि नयाँढंगले सञ्चालन गर्न सकिने धारणा राखे ।




मुख्यमन्त्री लामाले स्वदेशमै काम गर्ने लक्ष्य युवा पुस्ताले लिनुपर्ने बताए । उनले युवा पलायनलाई रोक्ने योजना बनाउन प्रदेश सरकार लागि रहेको बताए । विज्ञान र प्रविधिसँग जोडिएको योजनालाई प्रदेश सरकारले नीति तथा कार्यक्रममा प्राथमिकता दिने उनको भनाई छ । मुख्यमन्त्री लामाले युवालाई कृषि क्षेत्रमा प्रोत्साहन गर्नुपर्ने धारणा राखे । सरकारले युवाको क्षेत्रमा ल्याएको कार्यक्रमबारे युवापुस्ताले जानकार राख्नुपर्ने उनको भनाई छ । मुख्यमन्त्री लामाले तालिम लिएकालाई उद्यमशील बनाउन प्रदेश सरकारले बीउपुँजीको व्यवस्था गरेको बताए । स्वदेशमै रोजगारीको अवसर वृद्धि गर्नको लागि पनि कृषिक्षेत्रलाई प्राथमिकता दिनुपर्ने उनको भनाई छ ।

त्यसैगरी मुख्यमन्त्री लामाले युवालक्षित कतिपय कार्यक्रम बजेटको अभावमा अघि बढ्न नसकेको बताए । कार्यक्रमको कार्यान्वयनपक्षलाई सबलीकरण गर्नुपर्ने उनले उल्लेख गरे । मुख्यमन्त्री लामाले प्रदेशको आम्दानीको स्रोत पनि थोरै भएको युवाक्षेत्रमा चाहेजति कार्यक्रम ल्याउन नसकेको समेत स्वीकार गरे । मुख्यमन्त्री लामाले विकास एकैचोटी नहुने भएकोले धैयर्ता गर्न पनि आग्रह गरे । स्थानीय तहलाई प्रदेश सरकारले युवामैत्री कार्यक्रम ल्याउन आग्रह गरिएको उनले बताए । मुख्यमन्त्री लामाले उद्योगीलाई हेर्ने दृष्टिकोण सकारात्मक बनाउनुपर्ने बताए । देशमा रोजगारीको अवसर उद्योगबाट मात्र सिर्जना हुने भएको उद्योगलाई व्यवस्थित गर्नुपर्ने उनको भनाई छ । मुख्यमन्त्री लामाले देशमा लगानीको वातावरण बनाउन नसकेकै कारण उद्योग सञ्चालन गर्न कठिन भएको बताए ।

मुख्यमन्त्री लामाले मदिरालाई ब्राण्डिङ गर्नुपर्ने बताए । नियम, कानुनको कारण मदिरालाई ब्राण्डिङ गर्न समस्या भएको समेत उनले जिकिर गरे । मुख्यमन्त्री लामाले काम समयमा सम्पन्न गर्न कर्मचारीसंयन्त्र सक्रिय हुनुपर्नेमा जोड दिँदै कर्मचारीले समयमै काम नगर्दा दोष सरकारलाई आइरहेको गुनासो गरे । राष्ट्रसेवक कर्मचारीलाई विधिभित्र रहेर मनैदेखि काम गर्न आग्रह गर्दै उनले नीतिकै कारण कामगर्न असहज भएमा नीति नै परिवर्तन गर्न पनि सरकार तयार रहेको बताए । साथै, प्रदेश सरकारले अब कर्मचारीको व्यवस्थित रेकर्ड राख्ने काम सुरु गरेको मुख्यमन्त्री लामाले बताए ।

मुख्यमन्त्री लामाले संविधानमा उल्लेखित कतिपय अधिकारको प्रदेश सरकारले अझै पनि प्रयोग गर्न नसकेको बताएका छन् । हालसम्म प्रदेशको आम्दानीको श्रोत, यातायात र जग्गा रजिष्ट्रेशनको शुल्क मात्रै भएको बताए । मुख्यमन्त्री लामाले प्रदेशले बनाउने बजेटमा समेत संघ सरकारपनि आश्रित हुनुपर्ने अवस्था रहेको बताए । 'कुल बजेटको ८० प्रतिशत संघीय सरकारकै भर पर्नुपर्ने अवस्था छ, २० प्रतिशत मात्रै हाम्रो क्षमता हो' उनले बताए । मुख्यमन्त्री लामाले युवा पुस्तालाई कसैप्रति पनि नकारात्मक धारणा नराख्न सुझाव दिए ।

युवापुस्ताले आफ्नो जोश र जाँगरलाई देश निर्माणमा लगाउनुपर्ने बताए । सामाजिक सञ्जालमा तत्काल प्रतिक्रिया जनाइहाल्ने प्रवृत्ति त्याग्न पनि मुख्यमन्त्री लामाले युवालाई आग्रह गरे । युवाले लिएको तालिममा काममा परिणत गर्नुपर्नेमा उनले जोड दिए । अग्रज सञ्चार कर्मी रुपेश श्रेष्ठले सहजीकरण गरेको कार्यक्रममा युवाले प्रदेश सरकारको नीति, कार्यक्रम, बजेटलगायत विविधि विषयमा प्रश्न गरेका थिए ।

## संघले वाग्ले, फागो र अधिकारीलाई पुरस्कृत गर्दै

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ चलचित्र पत्रकार संघ मकवानपुर शाखाले चलचित्र पत्रकारिता दिवसको अवसरमा चलचत्रि पत्रकार अनन्त वाग्ले, चलचित्र रंगसम्पादक रेनिश फागो र मकवानपुरका सञ्चारकर्मी गोकुल अधिकारीलाई पुरस्कृत गर्ने भएको छ ।

नन्दबहादुर महर्जन स्मृति राष्ट्रिय पत्रकारिता सम्मान २०८२ बाट वरिष्ठ चलचित्र पत्रकार अनन्त वाग्लेलाई सम्मानित गरिने संघका अध्यक्ष कपिल खड्काले बताए । उनका अनुसार मकवानपुरमा जन्मिएर चलचित्र, कला साहित्य र संगीतमा राष्ट्रियस्तरमा सक्रिय रहेका चलचित्रकर्मीलाई कलाकर्मी सम्मान २०८२ बाट रंगसम्पादक रेनिश फागोलाई सम्मान गरिने निर्णय भएको बताए ।

त्यस्तै, मकवानपुरमा रहेर सक्रिय पत्रकारिता गरिरहेका रेडियो थाहासञ्चारका स्टेशन म्यानेजर गोकुल अधिकारीलाई चलचित्र पत्रकारिता पुरस्कार २०८२ बाट पुरस्कृत गर्न लागिएको संघका अध्यक्ष खड्काले बताए । अधिकारी दुई दशकदेखी रेडियोमा सक्रिय रहेका छन् । दिवसकै अवसरमा पहिलोपटक चलचित्रमा अभिनय गरेर चर्चा कमाएकी बालकलाकार शुपला सापकोटालाई अभिनययात्रामा अझै सफलता मिलोस् भन्ने हेतुले प्रशंसापत्रले सम्मान गरिन लागिएको अध्यक्ष खड्काले बताए ।

# कुलेखानी तेस्रोको दुवै युनिटबाट विद्युत् उत्पादन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ जेनेरेटर प्लेटको मर्मत सकिएपछि कुलेखानी तेस्रोको दुवै युनिटबाट विद्युत् उत्पादन सुरु भएको छ । आयोजनाको तेस्रो जलविद्युत् केन्द्रको एउटा युनिट बिग्रिएकामा १४ दिनपछि मर्मत सकिएको हो ।

मर्मतपछि सोमबार अपराह्नदेखि उत्पादन सुरु भएको हो । कुलेखानीको तेस्रोका दुई युनिटमध्ये एउटा युनिटको जेनेरेटर प्लेटमा खराबी आएपछि वैशाख १५ देखि मर्मत थालिएको थियो । चिनियाँ तीन प्राविधिक र नेपाली १८ प्राविधिक मर्मतमा जुटेका थिए । केन्द्रका प्रमुख प्रसन्नमणि ताम्राकारले आइसोलेसन प्लेटमा समस्या आएपछि फेर्ने काम गर्नुका साथै टर्बाइन र जेनेरेटरको एलाइनमेन्ट मिलाउने काम गरिएको बताए ।

१४ मेगावाट क्षमताको कुलेखानी तेस्रोमा २ वटा युनिट छन् । एउटा युनिटको जेनेटर बिग्रे पनि अर्को युनिटबाट ७ मेगावाट विद्युत् उत्पादन भइरहेको थियो । सोमबार अपराह्नदेखि १४ मेगावाट विद्युत् उत्पादन भएको प्राविधिकले बताएका छन् । आयोजनाका विद्युत उत्पादन गर्ने तीन केन्द्र छन् । भीमफेदी गाउँपालिकाको सानुटारमा तेस्रो पावरहाउस छ । कुलेखानी प्रथमका प्रमुख तारादत्त भट्टले भने, 'तेस्रोको जेनेटर बिग्रिँदा करिब २ साता कुलेखानीले पूर्ण क्षमताका साथ विद्युत् उत्पादन गर्न सकेन ।'

नेपाल विद्युत् प्राधिकरणको 'ब्याकअप'का रुपमा रहेको कुलेखानी जलाशयमा अहिले दैनिक ६० देखि ७० सेन्टिमिटर पानीको सतह घट्ने गरेको छ । सोमबार अपराह्न १ हजार ५ सय ५६ सेन्टिमिटर पानीको सतह रहेको छ । आयोजना अहिले चौबिसै घण्टा सञ्चालनमा छ । जलाशयमा १ हजार ५ सय ३० मिटर उचाइसम्म पानी अट्ने क्षमता छ । कुलेखानी प्रथम ६०, दोस्रो ३२ र तेस्रोबाट १४ मेगावाट उत्पादन क्षमता छ ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# नीति, नेतृत्व र युवा सहभागिता

प्रदेश युवा परिषद् बागमतीको आयोजनामा सञ्चालित प्रदेश युवा सम्मेलन अन्तर्गतको 'नीति, नेतृत्व र युवा सहभागिता' विषयक प्यानल छलफलमा युवा देशको राजनीतिप्रति सचेत हुनुपर्ने बताइएको छ । दलका शीर्ष नेतृत्व राजनीतिबाट बाहिरिँदै गर्दा देश 'कम्पास हराएको जहाज' जस्तो हुनसक्ने भएता पनि युवा राजनीतिबाट टाढा हुँदा देश ५० वर्ष पछाडि जानसक्ने बताइएको छ । देशको राजनीतिलाई सकारात्मक ढंगले सोचौँ, राजनीतिबाट भएको परिवर्तनलाई थप व्यवस्थित बनाउँदै लगौँ भन्ने आग्रह गरिएको छ । पछिल्लो समय युवा पुस्ताले राजनीतिलाई घृणाको दृष्टिकोणले हेर्ने गरेका छन् । देशको आर्थिक, सामाजिकलगायत सबै क्षेत्रको विकासको नेतृत्व राजनीतिले गर्ने हो । राजनीति नै देशको मूलनीति हो । यही मूलनीति धमिलिएपछि युवाजमातमा निराशा पैदा भएको हो । जिम्मेवारी बोधका साथ युवापुस्ताले नेतृत्वलाई काउन्टर दिनुपर्ने थियो तर, त्यस्तो हुन सकेको छैन ।

दलहरु जनताबाट अनुमोदित हुने र नेताहरु कार्यकर्ताबाट अनुमोदित हुने व्यवस्था बमोजिम नै सबै दलहरु अगाडि बढ्नुपर्ने थियो । तर, चुनाव जितेर गएपछि नेताले जनता बिर्सने रोग पुरानै हो । जनताले पनि निर्वाचनको मुखमा थोरै आश्वासन र थोरै आर्थिक लाभमा आफ्ना अमूल्य मत खेर फालिरहेका छन् । हरेक ५ वर्षमा नेताले जनताको बीचमा गएर आफ्नो सान्दर्भिकता पुष्टि गर्नुपर्छ । अबको योग्य मान्छे म हुँ भन्ने ठाउँबाट युवा पुस्ताले सोच्नुपर्छ । राजनीतिबाटै देशको आर्थिक, सामाजिक परिवर्तन सम्भव भएको कुरामा दुइमत छैन । देशको राजनीतिलाई व्यवस्थित गर्ने जिम्मेवारी युवा पुस्ताले लिनुपर्ने थियो तर, युवापलायनले यो सम्भावना देखिएन । राज्यको हरेक तहमा युवाको नेतृत्व आवश्यक छ भन्ने विषयमा प्रमुख राजनीतिक दलहरु एकमत हुनै पर्छ । २०७४ सालको निर्वाचनमा २१ वर्षदेखि ४० वर्ष उमेर समूहका ३९ प्रतिशत युवाको स्थानीय तहमा प्रतिनिधित्व रहेको थियो । युवा पुस्तालाई आर्थिक उपार्जनको बाटोमा लैजानुपर्ने थियो तर, विदेशी भूमिमा पसिना बगाउन पुगेका छन् । शीर्ष नेतृत्वलाई लोकतान्त्रिक विधिबाटै पराजित गर्न युवा पुस्ताले उत्कृष्ट सिद्धान्त र विचार प्रतिपादन गर्नुपर्ने थियो । तर, उच्चशिक्षा अध्ययनको बहानामा युवापलायन तीब्ररुपमा बढेको छ र यो क्रम रोकिनेवाला छैन । विद्यालय तहको अध्ययन पार गर्नेबित्तिकै विदेशिने मानशिकताबाट युवापुस्तालाई बचाउन सक्ने खालको नेतृत्व देखिएको छैन । समयको अधिकतम सदुपयोग गरेर आफूलाई देश र जनताप्रति समर्पित गर्ने युवा पाउनै मुस्किल परेको छ ।

नयाँ संविधान जारी भएपछि सरकारले युवाको क्षेत्रमा के कस्ता नीतिहरु ल्याए, के कस्ता कानुनहरु निर्माण गरे त्यसलाई बहसको विषय बनाउनुपर्ने छ । पछिल्लो समयमा भएका युवा सबै विदेशी भूमिमा पुगेपछि हाम्रो मुलुकमा बालबालिकाको जनसंख्यामा निरन्तर घटेको छ । केहीवर्षपछि मुलुकमा युवापुस्ताको खडेरी पर्ने सम्भावना देखिएको छ । प्रजननदर नै प्रतिस्थापन तहभन्दा मुनि झरेको छ । विवाह टार्ने र बच्चा थोरै जन्माउने प्रवृत्ति देखिएको छ । कुल जनसंख्यामा १४ प्रतिशत ६५ वर्षमाथिको उमेर समूहको हिस्सा भएमा बुढ्यौली समाज हुन्छ । यदि ६५ वर्षमाथिलाई बुढ्यौली मान्ने हो भने पनि नेपाल विस २१११ सम्म बुढ्यौली समाजमा रुपान्तरण भइसक्ने प्रक्षेपण कार्यालयको छ । २१ प्रतिशतभन्दा माथि यस्तो हिस्सा भएमा सुपर बुढ्यौली समाज मानिन्छ । संसारमा सबैभन्दा धेरै बुढ्यौली अहिले जापानको ३० प्रतिशत रहेको छ । नेपालमा पछिल्लो समयमा ०-१४ वर्ष उमेर समूहको संख्या निरन्तर घट्दै आएको छ । कुल जनसंख्यामा यो समूहको हिस्सा २०५८ मा ३९.४ प्रतिशत थियो । त्यस्तै २०६८ मा यो हिस्सा ३४.९ मा झरेको थियो । २०७८ सम्म पुग्दा २७.८ प्रतिशतमा सीमित भएको छ । संख्यामा पनि गिरावट आएको छ । नेतृत्व लिने युवाको संख्या नै जोखिममा पर्दै गएको अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ १ गते बिहीबार १५ मे २०२५ । तृतीया, जेष्ठ कृष्णपक्ष । बछलागा ११४५ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ६:४५ । अन्तर्राष्ट्रिय परिवार दिवस । ज्येष्ठ संक्रान्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मुद्दा-मामिलामा विजयी भइनेछ | **तुला** | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| **वृष** | : लगनशीलताले उपलब्धि दिलाउनेछ | **वृश्चिक** | : सहयोगीबाट काम बन्नेछ |
| **मिथुन** | : प्रयत्न सफल हुनेछ | **धनु** | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| **कर्कट** | : पढाइलेखाइमा प्रगति हुनेछ | **मकर** | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| **सिंह** | : सेवामूलक कामबाट धनलाभ हुनेछ | **कुम्भ** | : नयाँ काममा सफलता मिल्नेछ |
| **कन्या** | : स्वास्थ्य कमजोर रहनेछ | **मीन** | : स्थायी सम्पत्ति जोड्ने समय छ |

# एकता विनै छुट्टाछुट्टै एनआरएनएको अधिवेशन



प्रा.डा. दिपराज थापा

एनआरएनएले नेपालमा धेरै राम्रा सामाजिक कार्यहरू गरेका छन् । धेरै नेपाली मिलेर गरेको सहयोग भएर थोपा-थोपा भए नि सागर बन्न सक्ने अवस्था रह्यो । त्यो सहयोगमा धेरैजसो बाहिरी सार्क बाहेकका देशहरूमा बस्ने नेपालीको रगत र पसिना भरिएको हुन्छ । संगठन भित्र बसेर, आफ्नो परिश्रम नेपालको लागि खन्याएर, आफ्नो परिवारलाई दिनुपर्ने र आफ्नो स्वास्थ्यको लागि छुट्याउनुपर्ने समय धेरै धेरै यही संगठनलाई सुम्पिएर एनआरएनएको लिडर बनिरहेका हुन्छन् नेपालीहरू । रामकुमारी झाँक्रीले भने झैं बिहान आँखा नउघ्रँदै नेपालको चिन्ता गर्नेहरू अहिले पनि उत्तिकै छन् । त्यो देशप्रेम हो, त्यो एक असल नागरिकको कर्तव्य पनि हो ।

यद्यपि हामीले नेपालमै बोकेर ल्याएको संस्कृति विदेशमा पनि हावी भयो । एउटाले अर्कोको खुट्टा तान्ने, पछार्ने, लतार्ने, राजनीति गर्ने र नेपालका राजनीतिक दलको दास बन्ने प्रवृत्ति पूर्ण रूपमा सबैजसो देशमा विकसित भयो । जसरी नेपाल दशकौंदेखि अस्थिरतामा रह्यो त्यसैगरी एनआरएनए अस्थिरतातिर धकेलियो । बाहिर देशमा आएर सिकेको ज्ञान, सीप र क्षमता बाँडी समुन्नत संस्थाको परिचय दिनु त कहाँ, नेपालको राजनीतिको सिको गरेर झै-झगडा, यो र त्यो पार्टी भनेर, सबै नेपाली एक बनाउन हिंडेको यो संस्था अन्ततः तितरवितर भयो ।

केन्द्रीयस्तरको चुनाव र अधिवेशनमा यस्तै नराम्रा हर्कतहरू गरिए र जसको फलस्वरुप लाजै हुने गरेर संगठन टुक्र्याएर, टुक्रिएको संगठनको पनि तीन अध्यक्ष र दर्जनौं उपाध्यक्ष सहितको हाँडीगाउँको जात्रा पनि देखाए । यस्तै विविध कारणले यो भत्किएको संस्था एकताबद्ध होस् भन्ने उद्देश्यले सर्वोच्च अदालतले परमादेश जारी गर्‍यो जसले पूर्व अध्यक्ष शेष घलेको नेतृत्वमा एकता महाधिवेशन गर्न आदेश दियो । घलेले पहिले नै आफ्नै समूह बनाइसकेको र आफ्नो छुट्टै संगठन बनिरहेको अवस्थामा यता अर्को समूहबाट निर्वाचित भएका डा. बद्री के.सी. छुट्टै समूहको नेतृत्व भएको कारण अधिवेशन कसरी गर्ने भन्ने कुरामा सहमति हुन सकेन ।

केसीको कार्यकाल सेप्टेम्बर/अक्टोबरमा सकिने हुनाले त्यतिबेला नै एकता महाधिवेशन गरौं भन्ने उनी, सर्वोच्चले छिट्टै गर्नु भनेकोले मे महिनामै चुनाव गराएरै छाड्छु भन्ने घले । यी दुई समूहभित्र समझदारी, छलफल या वार्तालापसम्म पनि भएन । त्यसैले एकता महाधिवेशन भनेर घले समूहले मे ३ देखि ५ सम्म महाधिवेशन सम्पन्न गरिसकेको छ । यसलाई ऐतिहासिक एकता महाधिवेशन भनिएको छ । उता डा. केसी समूहले पनि छुट्टै अधिवेशनको समय तोकेको छ । त्यसैले एकता विनै एनआरएनएको महाधिवेशन छुट्टाछुट्टै भएर फेरि दुई टुक्रामै विभाजन हुने देखिएको छ । परराष्ट्र मन्त्रालयले यो कुरा मिलाउने भन्ने कुरा आएतापनि कुनै पहल नहुँदा अन्ततः एकता महाधिवेशनको पूर्ण विपरीत ऐतिहासिक दुई टुक्रा हुन एनआरएन सफल हुने देखिन्छ ।

**जन्मदाताहरूको सपना**

डा. उपेन्द्र महतोले सन् २००० को शुरुआतसँगै ठूलो सपना देखे । उनले संसारभरि छरिएका सबै नेपालीलाई एउटै छाताभित्र ल्याएर, देश बाहिर बसेका सबै नेपालीको एकता संगठन खोल्न पाए नेपालको लागि पनि अलि ठूलै सहयोग गर्न सकिने र सबै बाहिरिएका नेपाली एकजुट पारेर यस्तो संगठनको नेतृत्व गर्न सके आहा कस्तो राम्रो हुनेथियो भन्ने सपना देखे ।

केही व्यक्तिहरूको सहयोगबाट उनको त्यो सपना साकार भयो ११ अक्टोबर, २००३ का दिन । उनी आवासीय नेपालीहरूको छाता संगठन गैर-आवासीय नेपाली संघ (एनआरएनए) भन्ने संस्थाको संस्थापक अध्यक्ष बने । सन् २००३ देखि लगातार ६ वर्ष उनी नै अध्यक्ष बनेर चलाए । धेरै देशमा संस्था विस्तार गरे । उनीसँग बौद्धिक र आर्थिक क्षमता उस्तै थियो । बौद्धिक क्षमताले संस्था जन्मायो र आर्थिक क्षमताले संस्था विस्तार गर्‍यो । आर्थिक रूपमा धेरै सम्पन्न भएपछि उनलाई कहिले अमेरिका, कहिले युरोप, कहिले अष्ट्रेलिया र कहिले नेपाल भ्रमण गर्नु कुनै समस्या भएन ।

मलाई लाग्छ उनको संस्था स्थापना गर्न र संस्थापक अध्यक्ष हुनुभन्दा बाहेक अरू स्वार्थ थिएन । ६ वर्षसम्म अध्यक्ष नबन्दा पनि अझ राम्रो हुन्थ्यो तर उनले आफूले रोपेको बीउ हुर्काउने कामसम्म गरे र नेतृत्व हस्तान्तरण गरे ।

**आर्थिक सम्पन्नता बौद्धिक क्षमता भन्दा हावी**

यसमा म उपेन्द्र महतो या जीवा लामिछाने जस्ता असल नेतृत्व तर धनी वर्गभित्र परेकैमा दोष दिन चाहन्नँ तर उहाँहरू पछि आउने पुस्ताहरूले एनआरएनएको संस्थागत जिम्मेवारी बहन गर्न धेरै पैसा नभएको बौद्धिक क्षमता मात्र भएका व्यक्तिहरूको काम छैन भन्ने कुराको व्याख्या गरायो । संगठन भित्र आएर नेतृत्व गर्न युरोप या अमेरिकाको सामान्य रोजगारी गरेका जो कोही व्यक्तिले आँट गर्नै नसक्ने संस्थाको रूपमा एनआरएनए आज स्थापित भयो । विभिन्न पदमा बसेर आफ्नो पैसाको पावर देखाउने खेल मैदान नै भयो एनआरएनए । विस्तार विस्तार संगठनभित्र नेतृत्व लिन पढे लेखेर, नेतृत्वको क्षमता बोकेर भन्दा पनि पैसाको गाँठ थुप्राएर नेतृत्व लिन सकिन्छ भन्ने परम्परा स्थापित भयो ।

विश्वभरि छरिएका नेपाली मध्ये ८०-९० प्रतिशत सामान्य जागिर खाने व्यक्तिहरू छन् । अन्तर्राष्ट्रिय छाता संगठन (आईसीसी) को त कुरै छोडौं राष्ट्रिय समितिमा सहित आर्थिक अवस्था कमजोर भएकाको उपाय छैन । यता मिटिङ उता मिटिङ, अधिवेशन र प्रोग्राम गर्दा गर्दै एउटा देशको नेतृत्व गर्ने एनआरएनले लाखौं खर्च गर्नुपर्छ किनकि संस्थामा गरिने सबै भोलेन्टरी काम हो ।

आफ्नो मात्र नभएर नेपालमा सहयोग बढाउन बारम्बार चन्दा उठाउन सक्ने क्षमता पनि नेतृत्वमा हुनुपर्छ, अन्यथा केन्द्रमा नराम्रो मेसेज जान सक्छ, लाज हुन्छ । आजको स्थिति हेर्दा एनआरएनएको केन्द्रीय पदाधिकारी बन्न एक कार्यकालको लागि मात्र बीसौं लाख खर्च गर्नुपर्ने देखिन्छ । यस्तो लाग्छ यो पैसा हुनेहरूले मात्र प्रतिस्पर्धा गर्ने ठाउँ हो ।

**राजनीति हावी**

झगडा, दोषारोपण अनि द्वन्द्वले ग्रस्त बन्नुको कारण धेरैजसो नेतृत्व राजनीतिक दलको कार्यकर्ता हुनु हो । नेपाल आउँदा ठूलाबडा नेताहरूसँग फोटो खिचेर फेसबुक वालमा राख्न मिल्ने, अरू सामान्य जनताको नजरमा विशिष्ट व्यक्ति भएको प्रमाणित गर्ने र त्यसको ऋण तिर्न फेरि विदेश भ्रमणमा आएको बेला त्यही नेता र तिनका वरपरका नातेदारलाई विदेश घुमाइदिने काम गर्ने एउटा लेनादेनाको कर्म बनेको हुन्छ ।

राजनीतिको जग यति गहिरो बस्यो कि हरेक ठाउँमा टिम बनाउँदा आफ्ना पार्टीको खेमा हेर्न थालियो । यो गैरकानूनी कार्य र व्यवहारलाई गैरआवासीय नेपालीको विधानले निषेध गरेको छ । नेतृत्वले कुनै राजनीतिक दलको सदस्यता लिएको नहुने भनिएको छ । सदस्यता नलिने तर व्यवहारमा तिनै पार्टीको कार्यकर्ता बन्ने प्रवृत्तिले सबैतिर छोयो ।

**गैरआवासीय एजेन्डा ओझेलमा र भविष्य अन्योलमय**

एनआरएनएको मुख्य एजेन्डा मध्येको एक गैरआवासीय नेपालीहरूको नागरिकता सम्बन्धी प्रावधान हो । दोहोरो नागरिकता पाउनुपर्छ भन्ने माग पूरा नभए पनि संविधान भित्र गैर-आवासीय नेपाली नागरिकता लिन पाउने अधिकारको सुनिश्चितता भने एनआरएनएकै नेतृत्वले गरेका हुन् ।

संविधान त लेखियो तर कानून बनेर प्रयोगमा आउन १० वर्ष बितिसक्दा पनि सकेन । संविधानमै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुनिश्चित गरेको संविधानले तोके अनुसार अहिले गैरआवासीय नेपाली नागरिकता लिन मिले पनि कानूनमा भने भिसा लगाउनुपर्ने जस्ता कुराहरू बाहिर आउनुले लाखौंको संख्यामा रहेका गैरआवासीय नेपालीले "गैर-आवासीय नेपाली नागरिकता" लिनुको औचित्य नभएको र संविधानले प्रदान गरेको अधिकारबाट सरकारले आफूहरूलाई वञ्चित गरेको गुनासो धेरैको सुनिन्छ । यही अनिश्चितताको कारण धेरै नेपाली नेपाल फर्कन सकिरहेका हुन्छन् ।

सांस्कृतिक, सामाजिक र आर्थिक अधिकार पनि सुनिश्चित नहुने डर र बाहिरै जन्मिएर हुर्किएका गैरआवासीय नेपालीका छोराछोरी दोस्रो पुस्तालाई नेपालमा जोड्न मिल्ने कानून आउने सम्भावना कम देखिनुले अझ बढी अन्योल बढाएको देखिन्छ । हरेक २-२ वर्षमा फेरिने एनआरएनएको नेतृत्वले १० वर्षसम्म पनि यो कार्य सरकारसँग समन्वय गरी सही कानून नियम परिचालन र लागू गर्न अक्षम रहेको भन्ने आरोप प्रमाणित गरेको देखिन्छ ।

अब अहिलेको एकता महाधिवेशनको नाममा शेष घले र डा. बद्री केसी समूहले छुट्टाछुट्टै फरक समयमा आ-आफ्नो अधिवेशन गर्ने कुराले एनआरएनए दुई भागमा विभाजित बनेसँगै सम्पूर्ण एनआरएनहरूको भविष्य अन्योलमय बनेको छ । यसले गैरआवासीय नेपालीहरूको संगठनलाई नकारात्मक असर त पुऱ्याउँछ पुऱ्याउँछ, तर सरकारलाई बेला-बेला आफ्ना आवाज, हकअधिकार बुलन्द बनाउने काममा पनि ठूलो धक्का पर्ने देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# मुलुक डुबाउने शासकका चरित्र

डिल्लीराम मिश्र "कलमजीवी"

विश्व समाजवादका सर्वमान्य व्याख्याता एवम् अध्येता कालमार्क्सले लेखेका छन्- 'कसैको गुणको तारिफ गर्नमा समय खेर नफाल, बरु उसको गुणलाई अपनाउने कोशिश गर ।' तर नेपालका मुलुक डुबाउने कथित लोकतान्त्रिक शासकहरु भने यो सुन्दर उद्‌गारलाई चिन्तन, मनन, विचार, विमर्श एवम् अवलम्बन गर्नु त परै जाओस्, बल्की यसको मर्म, महत्व र भावपक्षलाई समेत जरैदेखि उखेलेर फाल्न सधैँ उद्यत रहन्छन् । यो आजका सत्ताधारीहरुको जन्मजात चरित्र र प्रवृत्ति हो ।

कुनै पनि राष्ट्रलाई सम्पन्न र समृद्धशाली बनाउने सबै नीतिहरुको मूल नीति राजनीति नै हो, तर नेपालका यी शासकहरु क्रमशः गिरिजाप्रसाद कोइराला, केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई, झलनाथ खनालजस्ता खराब चरित्र र प्रवृत्ति भएकाहरुले पटक-पटक सरकारको नेतृत्व लिँदा आज मुलुकलाई कङ्गाल बनाउन सफल भए । शायद यी शासकहरुले २०६२/०६३ पछि नेपाली जनतालाई दिएको सबैभन्दा महान् उपलब्धि पनि यही नै हो । देशलाई २७ खर्बभन्दा बढी ऋणमा डुवाउने यिनै भ्रष्ट शासकहरु नै हुन् । अहिले संसद्मा रहेका ओली, देउवा र दाहालजस्ता प्रवृत्ति मुलुकको लागि भ्रष्टाचारका खलपात्र हुन् भने नेपाल, भट्टराई र खनालहरुले पनि मुलुक र जनतालाई अधोगतिमा पुऱ्याए । यस समयावधिमा यी खलपात्रहरुबाट देश लुट्ने र राष्ट्रिय सम्पत्ति दोहन गर्ने काम निरन्तररुपमा भइरहेको छ ।

देशमा भ्रष्टाचारको संस्थागत विकास गर्ने क्रममा राष्ट्रको सम्पत्ति चरम दुरुपयोग गरेका गिरिजाप्रसाद कोइरालाले २०४६ सालको परिवर्तनपछि २०४८ सालमा सरकारको नेतृत्वमा रहँदा देशको सम्पत्तिको हदैसम्म दोहन गरे । संसदीय प्रजातन्त्रमा यसरी भ्रष्टाचार गर्नुपर्छ भन्ने संस्थागत नमुना नै उनले प्रस्तुत गरे । सत्ता, शक्ति र पैसाको आडमा जन्मजात नेपाली काङ्ग्रेस गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलाई कांग्रेसबाट कसरी हराए ? सबैलाई जग जाहेरै छ । अहिले राज्यसत्ताको चरण दुरुपयोग गर्दै भ्रष्टाचारको संस्थागत विकास गर्नमा प्रधानमन्त्री केपी शर्मा ओली र उनको समूहले कीर्तिमान नै कायम गरेको छ । यी सबै भ्रष्टाचारी शासकहरुको नेतृत्वमा देशको शासनसत्ता रहँदा कुनै पनि क्षेत्रमा यहाँ त राम्रो काम भयो भनेर सर्वसाधारण नागरिकले अलिकति पनि सन्तोष लिने ठाउँ रहेन । देशको अवस्था जता हेऱ्यो उतै लथालिङ्ग र भताभुङ्ग नै रहेको छ । त्यसमा पनि अहिलेका प्रधानमन्त्रीले यति विभेदकारीरुपमा राज्यसत्ता चलाएका छन्, जसको कुनै सीमा भेटिँदैन ।

अतीतमा हाम्रा वीर पुर्खाहरुले त्याग, बलिदान र सैर्षबाट निर्माण गरेको आजको देशको अस्तित्व कसरी जोगाउने भन्ने सवालमा जनप्रतिनिधिहरुलाई अलिकति पनि चिन्ता र चासो देखिँदैन, जति राजनीतिक दल विशेषभन्दा बाहिर रहेका आम नागरिकहरुमा छ । म मरे पनि मेरो देश बाँचिरहोस्, यो उद्‌गार नेपालीहरुको मन-मनमा त्यसै बुलन्द भएको हैन । यसको पछाडि देशभक्तिको कति बलवान् भावनात्मक शक्ति लुकेको छ । यो देशको सार्वभौमिकता र अखण्डता बचाउनभन्दा पनि विदेशीहरुको घर-आँगनमा लम्पसार परेर आफ्नो सत्ता जोगाउन यी भ्रष्ट शासकहरुको दिनचर्या नै बनेको छ । आज यो देशको भविष्य के होला ? के यो देश स्वतंन्त्र रहन सक्ला ? जस्ता मर्मस्पर्शी सवालहरु सबै स्वाभिमानी नेपाली जनतामा उठिरहेकै छ ।

देशका समस्त युवा र नागरिकहरुले २०४६ सालको परिवर्तन नेताहरुलाई देश लुट्ने औजार बन्नको लागि राज्यसत्तामा पुऱ्याएका किमार्थ होइनन् । विगतभन्दा राम्रो होला भन्ने आशा र अपेक्षाका साथ नेपाली जनता जनआन्दोलनमा सहभागी भएका थिए, तर देशको परिस्थिति विगतभन्दा झन्-झन् खराब भएपछि यो भन्दा त विगतको शासन प्रणाली ठीक रहेछ भन्ने पक्षमा आज सडकमा गणतन्त्रको विरोधमा जुन आवाज बुलन्द भइरहेको छ, त्यो त्यसै जुर्मुराएको होइन । जनताको शक्ति अजय शक्ति हो, भ्रष्ट दल र नेतृत्वको पक्षमा सधैँ उनीहरु र हिरहन्छन् भन्नु ठूलो भ्रान्ति हो । २०४७ सालयता देशको साँध-सिमाना लथालिङ्ग छ, भारतीय सत्ताबाट नेपाली भूमि मिच्ने क्रम निरन्तर जारी छ, तर सत्ताधारीहरु केही बोल्दैनन् । देशको सीमाको प्रतीक आज जङ्गे पिलरको अवस्था कहाँ के कस्तो छ ? त्यसको खोजखवर, मर्मत र संरक्षण केही छैन । देशको सिमाना रक्षामा रहेका सुरक्षाकर्मीहरु कुन दयनीय अवस्थामा बसेका छन् र उनीहरुको दैनिक गाँस, बास र कपासको अवस्था कति नाजुक छ ? त्यसप्रति सरकारको कुनै मतलब छैन । सीमाको सुरक्षा गर्ने सुरक्षाकर्मीहरु बस्ने घर झुपडीको अवस्था हेर्दा प्रत्येक नेपालीका आँखा रसाउँछन् ।

अहिले जनआन्दोलनको परिवर्तनसँगै जनताको अभिमत पाएर राज्यसत्तामा पुगेका काङ्ग्रेस, एमाले र माओवादीहरुले प्राप्त सत्तालाई पूर्णरुपमा दुरुपयोग गरेर जनता र देशको लागि होइन, बल्की आफू र आफ्नो गुटको वर्चश्व एवम् निजी स्वार्थ पूर्तिको भऱ्याङ बनाउन ओली, देउवा र दाहाल उद्यत् रहिरहे । शासन व्यवस्थाभन्दा पनि उनीहरुकै नियत, चरित्र र प्रवृत्तिको कारण नेपाली जनता इतिहासमा अहिलेजस्तो निरास कहिल्यै भएका थिएनन् । नेपाली जनतामा देखिएको असन्तुष्टि, आक्रोश र निरासाको जड शासकवर्गको नेतृत्वको चरमरुपमै बढ्दो उच्छृंखलता नै हो । अझ भनौं, शासकवर्गले जनताप्रति देखाएको सत्ता उन्माद र घमण्ड नै हो । देशको शासनसत्ता परिवर्तन भए पनि जनताको अवस्थामा परिवर्तन नहुँदा उनीहरुमा तीव्र असन्तुष्टि चुलिएको हो ।

देशमा सैीय गणतन्त्र आएपछि पनि नयाँ र झनै ठूलो चुनौती तथा राष्ट्र र जनताप्रतिको जिम्मेवारी देशका राजनीतिक दलहरुको काँधमा थियो, तर उनीहरुले त्यसलाई हल्काफुल्कारुपमा लिँदा देश आज सङ्कटको गम्भीर मोडमा उभिएको छ । देशभरका हजारौं शिक्षकहरुले रचनात्मक गतिविधिमार्फत आफ्ना पेसागत माग सरकार समक्ष राख्दा ओली सरकारले बेवास्ता मात्रै गरेन, मानमर्दन विपरीत बहुमतको दम्भ र अहङ्कार प्रदर्शन गरेर समस्या समाधान गर्नुको साटो आन्दोलनरत शिक्षकलाई तर्साउने, गलाउने, थर्काउने, खिसिट्युरी गर्ने, धम्कीपूर्ण भाषा प्रयोग गर्ने काम प्रधानमन्त्रीबाट पटक-पटक भए । ओली सरकारले राज्यशक्तिको दुरुपयोग गरेर शिक्षकको शान्तिपूर्ण प्रदर्शनमा दमन गर्ने, लाठी चार्ज गर्ने र आन्दोलनरत शिक्षकहरुलाई पानीको फोहोरासहित कुटपिट गरी घाइते बनाउने निरङ्कुश र दमनकारी नीति अवलम्बन गरेर २९ दिनसम्म काठमाडौंका सडकमा मुठभेडको वातावरण बनायो । प्रधानमन्त्रीले शिक्षकका मागप्रति आपराधिक चरित्र प्रदर्शन गरेको कारण शिक्षकहरुका माग सम्बोधन गर्न सक्रिय रहेकी शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई प्रधानमन्त्रीले नै असहयोग गरेपछि काम गर्न नसक्दा नैतिकताको आधारमा शिक्षामन्त्रीबाट राजीनामा दिन बाध्य भएकी हुन् । शिक्षकहरुका माग सम्बोधन गर्नुहुँदैन भन्ने पक्षमा रहेका प्रधानमन्त्रीको निरन्तर पेलान र दबाबमा शिक्षामन्त्री रहेकी थिइन् ।

अहिलेका केही ठगहरु जो देश लुट्न उद्यत् रहेका छन्, उनीहरुले पञ्चायत व्यवस्था अर्थात् राजाको शासनकालमा पढ्न, लेख्न र बोल्न पाइँदैनथ्यो भन्नेहरुले एउटा कुरा के बुझ्नु जरुरी छ भने २०१९ सालमा रुपन्देही जिल्लाबाट राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित सूर्यलाल प्रधानले संयुक्त राज्य अमेरिकाले भियतनाममाथि गरेको सैनिक आक्रमणलाई लिएर २०२० सालमा राष्ट्रिय पञ्चायतमा खेद प्रस्ताव दर्ता गराएका थिए । तत्काल श्री ५ महेन्द्रबाट त्यहाँ कुनै हस्तक्षेप भएको थिएन, जबकि अमेरिकाले राजा महेन्द्रलाई कति सम्मान र आदर गर्थ्यो भन्ने तथ्य घामजस्तै छर्लङ्ग नै छ । अर्को कुरा २०४३ सालमा सम्पन्न राष्ट्रिय पञ्चायत सदस्य निर्वाचनमा जनपक्षीय प्रतिनिधिको रुपमा पद्मरत्न तुलाधर, सोमनाथ अधिकारी प्यासी, जागृतप्रसाद भेटुवाल, भीमबहादुर श्रेष्ठ र द्रोणप्रसाद आचार्यजस्ता दर्जन व्यक्तिहरु निर्वाचित भई राष्ट्रिय पञ्चायत सदनबाट बहुदलको माग गरेका थिए, तर अहिले गणतन्त्रमा संवैधानिक राजतन्त्रको माग गर्दा केपी शर्मा ओलीजस्ता शासकले निर्वाचित सांसद धवलशमशेर जबरालाई पक्राउ गर्दा आफूलाई हिटलरी शासनको अध्येता ठान्छन् ।


आज मुलुक डुबाउने यी शासकहरुले कहाँ गएर पढेका थिए ? दरबार स्कुलको स्थापना वि.सं. १९१० एवम् त्रिचन्द्र कलेजको स्थापना १९७५ सालमा भएको हो । २००७ सालदेखि २०४६ सम्म देशमा हजारौंका संख्यामा शिक्षण संस्थाहरु खोलिएका थिए । अहिले कस्ता देशको प्रधानमन्त्री छन्, कहाँ गयो देशको शान, मान, इज्जत र प्रतिष्ठा ? चार-चारपटकसम्म एसएलसीमा फेल भएका रघुजी पन्त अरुलाई इतिहास पढेर आउन संसद्मा सुझाव दिन्छन् तर विडम्बना उनी देशको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रहेका छन् । उनले कस्तो शिक्षा देलान् ? यस्तै ओलीका अर्का दास प्रवृत्तिका शङ्कर पोखरेलले देशमा गणतन्त्र आएपछि मात्र कर्णालीका जनताले खान पाएका हुन् भन्ने अत्यन्तै घटिया स्तरको झुटको खेती गर्दै त्यहाँका जनताको अपमान गरेका छन् । कर्णालीमा कति प्रकारको कृषिजन्य वस्तुको उत्पादन हुन्छ भन्नेतर्फ अनभिज्ञ रहेका उनलाई अवगत हुनुपर्छ, पञ्चायत व्यवस्थामा जनतालाई खाद्यान्नको अभाव नहोस् भनेर प्रत्येक अञ्चलमा १४ वटा धान-चामल गोदाम कार्यालय खोलिएका थिए । यस्तै अर्का योगेश भट्टराई, उनी के भन्छन् भने, हामीले २४० वर्षसम्म राजसंस्थालाई मौका दिएका थियौं, सुन्दैमा पनि लाजको पसारो । देश डुबाउने शासक र उनका दासहरुको मनोदशा सधैँ यस्तै हुन्छ ।

अन्ततः झन्डै एक महिनासम्म चलेको शिक्षकहरुको आन्दोलन सरकार-शिक्षकबीच नौ बुँदे सहमतिमा हाललाई स्थगित भएको छ । केपी ओली सरकार शिक्षक आन्दोलनलाई दमन नै गर्नुपर्छ भन्ने पक्षमा रहे पनि शिक्षकका माग समयमै सम्बोधन गरिनुपर्छ भन्ने पक्षमा चौतर्फी दबाब र विरोधको कारण ओली सरकार माग सम्बोधन गर्न बाध्य भएको हो । शिक्षक आन्दोलनको २९ दिनपछि गत वैशाख १७ गते नौ बुँदे सहमति भए पनि विद्यालय शिक्षा ऐन ल्याउने डेटलाइन २०८२ असार १५ गतेसम्म नआएमा अहिलेको भन्दा कडा आन्दोलन गर्ने चेतावनी नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीको छ । यस्तो प्रकारको सहमति ओली प्रधानमन्त्री छँदा २०७५ सालमा पनि गरिएको थियो । त्यसपछि २०७८ र २०८० सालमा प्रचण्ड र देउवा सरकारको पालामा समेत सहमति भएका थिए ।

*(साभार: न्यूज अफ नेपाल)*

# थाइल्यान्डको गाँजा आकाशमार्गबाट धमाधम नेपाल

काठमाडौं/कुनै बेला यस्तो थियो, जतिबेला हिप्पीहरु नेपाललाई गाँजाको स्वर्ग ठान्थे । हिमाली देशको सुन्दरता, न्यानो आतिथ्य, सस्तो जीवनशैली, अनि गाँजाको छेलोखेलो-काठमाडौं ओर्लिन यस्ता अनेक कारणले उनीहरुलाई आकर्षित गरेका थिए । २०३६ सालसम्म नेपालमा गाँजा प्रतिबन्धित थिएन । कतिले खेती नै गरेका थिए, गाउँघरमा जहाँतहीँ उम्रिन्थ्यो । अहिले त्यही गाँजालाई औषधीय प्रयोगका लागि वैधानिकता दिनुपर्ने बहस चलिरहेको छ ।






संसद् भवनभित्र गाँजालाई वैधानिकता दिने बहस चलिरहँदा प्रहरीले भने नियन्त्रणका लागि विशेष अभियान चलाउँदै आएको छ । अहिलेसम्म गाँजा खेती वा बेचबिखन कानुनत: दण्डनीय नै छ । यस्तोमा धादिङ, नुवाकोट लगायतका क्षेत्रमा प्रहरीले बेलाबेला 'सर्च एण्ड डिस्ट्रोय' अर्थात् गाँजा खोजी र नष्ट अभियान चलाउने गरेको छ ।

पहाडी क्षेत्रमा आफैं उम्रिएर जंगल बनेको गाँजालाई फडानी गरेका खबर पनि बेलाबेला आइरहन्छन् । प्रहरीका अनुसार, धार्मिक मान्यतासँग समेत जोडिएको गाँजा अझै कतिपय स्थानमा लुकिछिपी खेती हुने गर्छ र भारत तर्फ तस्करी गरिन्छ । उत्पादित गाँजाको केही हिस्सा यहीँ पनि खपत हुने गरेको छ । स्वदेशमै सहज उपलब्धताका बाबजुद हिजोआज दक्षिण पूर्वी एसियाली मुलुक थाइल्याण्डबाट हवाई मार्ग हुँदै नेपालमा गाँजा भित्रिने क्रम बढेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो (एनसीबी) काठमाडौंका प्रमुख सुदर्शन कोइराला भन्छन्, 'पछिल्लो समय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थाइल्याण्डबाट आएका थुप्रै मानिसहरुको साथमा गाँजा बरामद भएका छन्, कतिपयमा अझै अनुसन्धान जारी छ ।'

**भएको छैन गम्भीर अनुसन्धान**

क्याथे प्यासिफिक एयर लाइन्सको उडान नम्बर सीएक्स ६०३ बाट थाई युवती जिरानुन रुनग्रुएङ २२ चैत २०८१ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं ओर्लिइन् । अध्यागमन जाँच पार गरेर २४ वर्षीया उनी गुलावी सुटकेश गुडाउँदै अघि बढिन् ।

भन्सार गेटको रेड च्यानल क्षेत्रमा बसेका सुरक्षाकर्मीले एक्सरे मेसिनमा सुटकेश राख्न लगाए । उनी केही अल्मलिएजस्तो देखिइन्, उनीहरुलाई जाँच गर्दा एक्स-रे मसिनमा शंकास्पद दृश्य देखियो । दोहोऱ्याएर मेसिनमा हाल्दा समेत शंका लागेपछि अधिकारीहरुले खोलेर जाँच गरे । प्रहरीले सुटकेश जाँच गर्न खोज्दा उनी मौन रहिन् ।

केही बेरमै लगेजभित्र प्लास्टिकमा प्याक गरिएको अवस्थामा १० पोका लागुऔषध गाँजा बरामद भयो । तौल लिंदा ८ किलो ५ सय ग्राम गाँजा लिएर उनी काठमाडौं आएको खुल्यो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रमुख सोमेन्द्रसिंह राठौरका अनुसार, पछिल्लो समय विमानस्थलमा थाइल्याण्डबाट गाँजा आउने क्रम बढेको छ ।

'हामीले विस्तृत अनुसन्धान नगर्ने हुँदा समातिने वित्तिकै लागूऔषध नियन्त्रण ब्यूरो पठाउँछौं', उनले भने, 'थाइल्यान्डमा गाँजाले वैधानिकता पाएपछि नेपाल आउने क्रम बढेको हुनसक्छ ।' लामो समयदेखि नेपालमै गाँजा उत्पादन र दक्षिण छिमेकी मुलुकमा तस्करी हुने गरेको छ । तर, किन नेपालमा थाई गाँजा भित्रिइरहेको छ ? नेपाल प्रहरीका नायब महानिरीक्षक (डीआईजी) दिनेश आचार्य भन्छन्, 'थाइल्यान्डमा पाइने गाँजा प्रशोधित गरेर आउने र त्यो सामान्यत: नेपालमा पाइने गाँजाको तुलनामा धेरै गुणा कडा हुने भएकाले यसको तस्करी हुने गर्छ ।'

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका प्रमुख वैज्ञानिक अधिकृत पुष्पेन्द्र सुवेदी चाहिँ नेपालको प्रयोगशालामा हालसम्म उपलब्ध प्रविधिले गाँजाको गुणस्तर पत्ता लगाउन नसक्ने हुँदा के फरक छ भन्ने बताउन नसकिने सुनाउँछन् । 'धेरैले प्रयोग गरिरहेका छन् भने त्यो गुणस्तरीय भएरै हुनसक्छ', उनले भने, 'तर, प्रहरी वा हाम्रो प्रयोगशालामा बरामद वस्तु गाँजा हो कि होइन भन्ने मात्र जाँच हुन्छ, त्यही अनुसार मात्र रिपोर्ट दिएर पठाउँछौं ।'

विगतमा हुलाकमार्फत् छिटपुट रुपमा विभिन्न मुलुकबाट प्रशोधित गाँजा नेपाल आउने गरेको थियो । 'तर, पछिल्लो समय हवाई मार्गबाट समेत ल्याइएको घटनाहरु देखिएका छन्', लागूऔषध नियन्त्रण ब्यूरोका पूर्वप्रमुख समेत रहेका आचार्य भन्छन्, 'हुलाकबाट आउँदा व्यक्तिगत प्रयोजनका लागि ल्याएजस्तो देखिन्थ्यो भने अहिले ठूलो परिमाममा आएका देखिन्छ ।'

थाई युवती जिरानुनले प्रहरी कहाँ दिएको बयानले पनि थाई गाँजा तस्करीमा संगठित समूहको संलग्नता हुनसक्ने संकेत गर्छ । उनी थाइल्यान्डमा रहँदा अनलाइन डेलिभरी कम्पनी जेएण्डटी एक्सप्रेसका लागि बैंककका विभिन्न स्थानमा सामान पुऱ्याउने काम गर्थिन् ।

तर, दुई महिनाअघि ससिकान नामक युवतीले उनलाई मुलुकबाहिर सामान डेलिभरी गर्ने गरी आकर्षक अफर राखिन् । उनको प्रस्ताव अनुसार, ३ घन्टा २० मिनेटको हवाई दूरी पूरा गरेर काठमाडौं पुगेर फर्किंदा १५ हजार थाई भाट (नेपाली ६१ हजार नेपाली रुपैयाँ) आउँथ्यो ।

काठमाडौंमा होटल खर्च र हवाई टिकट समेत टोलीले आफैं व्यहोर्ने, सामान पुऱ्याएर मात्र आउनुपर्ने भनेपछि उनी तत्कालै तयार भएकी थिइन् । प्रहरीका अनुसार, उनी सम्पर्कमा पुगेको समूहले यो अफर राखेपछि बल्ल जिरानुनले राहदानी बनाएकी थिइन् । प्रहरीलाई दिएको बयानमा उल्लेख भएअनुसार, सुवर्णभूमि विमानस्थलबाट उनलाई एक जना व्यक्तिले काठमाडौं लिएर जानुपर्ने सुटकेश दिएका थिए । त्यसपछि ठमेलमा बुक गरिएको होटलमा त्यो सामान लिन अर्को मानिस आउँछ भनेर उनलाई भनिएको थियो । यद्यपि, होटलमा पुग्नुअगावै उनी विमानस्थलमै पक्राउ परिन् ।

विगतमा प्रहरीले यसरी लागूऔषध ल्याउने व्यक्तिलाई त्यत्तिकै निस्किन दिएर होटलमा रेकी गर्दै सहयोगीलाई समेत समात्ने गर्थ्यो । तर, यसपटक त्यस्तो भएन । पक्राउ परेको केही समयमै उनी समातिएको सूचना बाहिरियो । सहयोगी अनुसन्धानको दायरामै आएनन् । 'जुन हिसाबले उनलाई काठमाडौं जानेआउने खर्चसहित लगानी गरिएको देखिन्छ, त्यो हेर्दा यसमा कुनै ठूलै गिरोह संलग्न हुनसक्ने देखिन्छ', एक अनुसन्धान अधिकृत भन्छन् । तर, लागूऔषध नियन्त्रण ब्यूरो (एनसीबी) ले यो गिरोहबारे गम्भीर अनुसन्धान गरेको देखिन्न ।

एनसीबीका पूर्वप्रमुख हेमन्त मल्ल ठकुरी लागूऔषधमा संलग्न अन्तरदेशीय गिरोहको पटाक्षेप गर्न लामो समयसम्म फलोअप गर्नुपर्ने बताउँदै भन्छन्, 'कहिलेकाहीं विदेशी निकायसँग समेत समन्वय गरेर त्यसको जरासम्म पुग्नुपर्ने हुनसक्छ ।'

**भारततर्फ तस्करी**

पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) मल्ल थाइल्याण्डबाट आउने गाँजालाई हाईब्रिड गाँजा भन्न रुचाउँछन् । 'नेपालमा पाइने गाँजा भनेको खेतमा फल्ने हो, जंगलमा आफैं उम्रिने हो', उनले थपे, 'तर, अहिले हवाई रुटबाट आएको अनुकूलित वातावरणमा हुर्काइने खास किसिमको गाँजा हो ।' उनका अनुसार, थाइल्याण्डबाट आउने गाँजा नेपालमा उत्पादन हुने भन्दा तीन-चार गुणासम्म कडा हुन्छ ।

'मैले जतिपनि विदेशबाट नेपालमा आएको गाँजा हेरेको छु, त्यो सबै हाईब्रिड भएको पाएको छु', लागुऔषध अनुसन्धानमा १३ वर्ष बिताएका मल्लले थपे, 'तर, यसको बजार नेपाल होइन, यो काठमाडौं हुँदै स्थलमार्गबाट भारततर्फ जान्छ ।' विमानस्थल प्रहरीका अनुसार, थाइल्यान्डबाट आएको गाँजासहित पक्राउ पर्नेमा भारतीयको संख्या पनि बढी छ ।

थाई एयरवेजबाट १४ चैत २०८१ मा काठमाडौं ओर्लिएका अनवर मोहम्मद र सैयद र जियाबानोको सुटकेसमा पनि गाँजा भेटिएको थियो । अनवरको सुटेकसमा १ केजी ८०० ग्राम र सय्यदसँग १ किलो ६०० ग्राम गाँजा भेटिएको थियो । एनसीबीसँग बयान दिने क्रममा उनले मुम्बईमा चिया पसलमा भेट भएका टोनी नामक व्यक्तिले आफूलाई महँगो कपडाको ब्याग नपाल हुँदै भारत लैजाने कामका लागि प्रस्ताव गरेको बताएका छन् ।

'टिकट र होटल खर्चको व्यवस्था गर्छु, फर्किएर आउँदा ब्याग लिएर आउनुपर्ने भनेको थियो', अनवरले भनेका छन्, 'त्यसवापत १५/१५ हजार भारतीय रुपैयाँ दिने भनेको थियो, घुम्न समेत पाइने पैसा पनि आउने भएपछि हुन्छ भनेको थिएँ ।' उनकै प्रस्तावमा सय्यद पनि बैंकक जान तयार भएकी थिइन् । त्यसअनुसार उनीहरु मुम्बईबाट सिधा बैंकक गएका थिए भने फर्किंदा काठमाडौंको टिकट थियो । स्थलमार्ग हुँदै भारत प्रवेश गर्ने तयारी भए पनि उनीहरु विमानस्थलमै समातिए ।

अनुसन्धानमा संलग्न अधिकृतहरुका अनुसार, यसरी थाइल्याण्डबाट आउने अधिकांश गाँजा भारत पुग्ने गरेको छ । 'दिल्ली, पञ्जाब, मुम्बई, पुणे, गोवा लगायतको क्षेत्रमा यी गाँजा पुग्ने गरेका छन्, नेपालमा चाहिँ यसका एकदम सीमित प्रयोगकर्ता हुन सक्छन्', ती अधिकृतले भने, 'भारतमा चाहिँ क्लब र निजी पार्टीहरुमा यस किमिसका गाँजा बिक्री हुन्छन् ।'

केन्द्रीय प्रहरी प्रवक्ता र मेश थापाका अनुसार, आर्थिक वर्ष २०८१/८२ को वैशाखसम्ममा विमानस्थलमा ११४ किलो ८२५ ग्राम लागूऔषध गाँजा बरामद भएको छ । मंगलबार मात्र पनि विमानस्थलमा थाइल्याण्डबाट आएको १० किलो १७० ग्राम गाँजासहित २५ वर्षीय अब्हुदे पाहुने पक्राउ परेका छन् ।

जबकि, आर्थिक वर्ष ०८०/८१ मा भने ५४० ग्राम, ०७९/०८० मा ४ किलो ७५० ग्राम र ०७८/०७९ मा ३६ ग्राम ८०० मिलिग्राम गाँजा विमानस्थलमा बरामद भएको थियो । पछिल्लो समय विमानस्थलमा बरामद भएको अधिकांश गाँजा थाईल्याण्डबाट फर्किएका मानिसहरुले ल्याएका छन् । अर्थात्, पछिल्लो समय लागूऔषध तस्करहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलनलाई गाँजा तस्करीको नयाँ रुट बनाइरहेका छन् ।

जानकारहरुका अनुसार, नेपाल विदेशबाट गाँजा तस्करीको ट्राजिन्ट रुट बन्नुले सुरक्षामा मुख्यत: तीन वटा जटिलता ल्याउनसक्छन् । पहिलो, विस्तारै नेपालमै समेत यसको खपत बढ्नसक्छ, जसको उदाहरण पहिले लागूऔषधको ट्रान्जिटका रुपमा मात्र रहेको भार तको पञ्जाब हो ।

अधिकृतहरुका अनुसार, पहिले पञ्जाब हुँदै भारतका विभिन्न राज्यमा लागूऔषध तस्करी हुन्थ्यो, स्थानीयस्तरमा खपत हुन्थेन । तर, अहिले पञ्जाबका लागि लागूऔषध टाउको दुखाइ बनेको छ ।

दोस्रो, लागूऔषध कारोबारीहरु अन्य अपराधसँग समेत जोडिने भएकाले यसले नयाँ संगठित अपराध समूहलाई जन्म दिनसक्छ । विमानस्थल हुँदै तेस्रो मुलुक जाने भएपछि यसले कुनै पनि बेला भ्रष्टाचारलाई समेत बढाउन सक्छ ।


तेस्रो, लागूऔषध तस्करी बढ्दा हुण्डी, सुन तस्करी वा अरु किमिसका अपराध समेत मौलाउन सक्छ । विगतमा लागूऔषध तस्करले रकम भुक्तानीका लागि सुन कारोबार समेत गरेको थुप्रै उदाहरणहरु रहेको प्रहरी अधिकृत बताउँछन् । 'त्यसैले यसलाई गम्भीरतापूर्वक लिएर गहन अनुसन्धान गर्नुपर्छ', एनसीबीका पूर्वप्रमुख मल्ल थप्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# राजस्व कार्यालयसँग राय लिएर मात्रै जिल्ला दररेट तोकौं: सांसद सिंह

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद तथा प्रतिनिधिसभा पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले राजश्व कार्यालयसँग राय लिएपछि मात्रै जिल्ला दररेट तोक्न माग गरेका छन् ।



मंगलबार बसेको प्रतिनिधि सभा बैठकमा बोल्दै उनले यस्तो माग गरेका हुन् । संघको बजेट आउनुभन्दा पहिला ७७ जिल्लामै जिल्ला दररेट कायम गर्नुपर्ने भन्दै दररेट कायम गर्दा अर्बौं रुपैयाँको भाग कर्मचारीदेखि नेतासम्म पुग्ने गरेको उनले बताए । उनले रड, सिमेन्ट, आदिमा दररेट कायम गर्दा राजस्व कार्यालयसँग पनि राय लिनुपर्ने बताए । नीतिगत भ्रष्टाचार रोक्नुपर्ने उनको भनाई छ ।

संघको बजेट आउनुभन्दा पहिला ७७ जिल्लामै जिल्ला दररेट कायम गर्नुपर्छ । त्यही दररेट कायम गर्दा अर्बौं रुपैयाँको भाग कर्मचारीदेखि नेतासम्म पुग्ने गर्दछ ।

रड, सिमेन्ट, आदिमा दररेट कायम गर्दा राजस्व कार्यालयलाई पनि राय लिन राख्नुपर्दछ', सांसद सिंहले भने, 'ग्याविन बक्स उद्योगले बेच्ने रेट दुई सय ३० रुपैयाँ छ भने जुन निकायले गरेको दररेट तीन सय २८ रुपैयाँसम्म पुगेको छ, स्क्वायर मिटरमा । त्यसकारण नीतिगत भ्रष्टाचार रोक्नुपर्छ । राजश्व कार्यालयसँग राय लिएपछि मात्रै दररेट कायम गर्न अनुरोध गर्न चाहन्छु ।' राजस्व कार्यालयसँग राय लिएपछि मात्रै दर रेट कायम गर्न उनको आग्रह छ ।

# कैलाशका शिक्षकलाई सूचनाप्रविधि तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ मकवानपुरको कैलाश गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहका आइटी स्रोत शिक्षकलाई सूचनाप्रविधि सम्बन्धी तालिम प्रदान गरेको छ ।



शुक्रबारदेखि सञ्चालित तालिम मंगलबार समापन भएको हो । गाउँपालिकाको आयोजनामा भएको तालिमको समापन कार्यक्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले 'कैलाश गाउँपालिकाको परिवेश भौगोलिक विकटता छ, शिक्षामा क्रमिक सुधारोन्मुख अवस्था रहेको बताए । यहाँका नागरिकमा चेतनाको कमी रहेको छ, सोहीअनुरुप शिक्षकले चेतना फैलाउँदै शिक्षामा सुधार ल्याउनुपर्छ,' उनले भने । 'समाज परिवर्तन ल्याउने नि शिक्षाले हो, त्यसतर्फ ध्यान दिनुस्' मुक्तानले भने ।

विद्यालय र स्वास्थ्यसंस्थामा कम्प्युटर र इन्टरनेट जडान गर्ने चाहना हुँदाहुँदै पनि विकटताले गर्दा सम्भावना कम रहेको अध्यक्ष मुक्तानले बताए । विद्युतप्रवाहमा पनि समस्या रहन्छ, हावाहुरीको सिजनले विद्युत प्रवाहमा असर पुग्ने भएकाले पनि समस्या उत्पन्न भएको उनले बताए । मुख्यतया शिक्षाले आमनागरिकमा चेतना जगाउने कार्य गर्दछ, चेतनाकै कमीले गर्दा यहाँ विकासनिर्माणका काम गर्न पनि असहज परिस्थित सिर्जना भइरहेको उनले बताए । कार्यक्रममा वडा नम्बर ९ का वडाअध्यक्ष भूवनसिं घलानले गाउँपालिकाले शिक्षाक्षेत्रमा लगानी गर्दै आइरहेको बताए ।

शिक्षामा पछि परिरहेको अवस्था छ, शिक्षक पनि आफ्नो क्षमता अभिवृद्धि गर्दै शिक्षामा परिवर्तन गर्नु जरुरी रहेको उनले बताए । तालिममा ४३ जना प्रधानाध्यापक, स्रोतशिक्षक वा आइटि फोकल शिक्षकको सहभागिता रहेको थियो । तालिमलाई होमबहादुर नेपाली र विवसजंग थापाले सहजीकरण गरेका थिए । विद्यालयको प्रशासनिक कार्यबारे गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख समीर जोशीले प्रशिक्षण गरेका थिए । कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद कालाखेतीको सभाध्यक्षतामा भएको तालिम समापनमा गाउँपालिका अध्यक्ष मुक्तानको प्रमुख आतिथ्यता ९ नं. वडाध्यक्ष घलानको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा शिक्षा शाखाप्रमुख जोशी, प्राविधिक सहायक दीपेन्द्र अधिकारी, विद्यालय स्रोतशिक्षक ध्रुवराज विष्ट लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा जीवनज्योति प्राविका प्रअ सीता मगर र भवानी माविका प्रअ बालचन्द्र मल्लले तालिममा सिकेको सीप, अनुभव, गुनासाका साथै आगामी दिनमा हुनुपर्ने सुधारका विषयमा आफ्नो भनाई राखेका थिए ।

# शिवम् सिमेन्ट बन्यो प्रधानमन्त्री कप भलिबल प्रतियोगिताको 'स्ट्रेन्थ पार्टनर'

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ शिवम् सिमेन्ट लिमिटेड नवौं प्रधानमन्त्री राष्ट्रिय भलिबल कप २०८२ मा 'स्ट्रेन्थ पार्टनर' बनेको छ । यो प्रतियोगिता आगामी जेठ ८ गतेदेखि १५ गतेसम्म नेपाल भलिबल संघद्वारा पोखरामा आयोजना हुँदैछ ।

राष्ट्रिय खेलको प्रवर्द्धन र समर्थन गर्ने दीर्घकालीन उद्देश्य अनुरुप शिवम् सिमेन्टले यस प्रतियोगितामा सहकार्य गर्न लागेको जनाएको छ । हालै काठमाडौंमा सम्पन्न कार्यक्रममा नेपाल भलिबल संघकातर्फबाट महासचिव रोशन श्रेष्ठ र शिवम् सिमेन्टका तर्फबाट सेल्स एण्ड मार्केटिङका भिपि निखिल अग्रवालबीच सहकार्य सम्झौतामा हस्ताक्षर भएको हो ।

शिवम् सिमेन्टले यसअघि भलिबल नेपालको राष्ट्रिय खेल भईसकेपछि यसको प्रवर्द्धन गर्न विभिन्न प्रतियोगितामा सहकार्य गर्दै आइरहेको छ । जसअन्तर्गत शेर बहादुर स्मृति प्रतिष्ठानद्वारा सञ्चालित महिला भलिबल कप प्रायोजन, न्यू डाइमण्ड एकेडेमीको टिम प्रायोजन, एभरेष्ट भलिबल लिगअन्तर्गत कर्णाली यशविस टिम प्रायोजन लगायतका विभिन्न राष्ट्रिय तथा स्थानीयस्तरका खेल कार्यक्रममा प्रायोजन तथा सहकार्य गर्दै आएको उद्योगले जारी गरेको बिज्ञप्तीमा बताइएको छ ।

शिवम् सिमेन्टले नेपाली खेलकुदको समग्र विकासमा निरन्तर साथ दिँदै आएको छ । भलिबल, क्रिकेट, फुटबल, म्याराथनजस्ता लोकप्रिय खेलकुद कार्यक्रममा विगतका वर्षदेखि निरन्तर सहभागिता जनाउँदै आएको र शिवम् सिमेन्टले आगामी दिनमा पनि यस्ता गतिविधिमा थप सहकार्य गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# कालोसूचीमा परेका कोरियाली विश्वविद्यालयमा पुग्छन् नेपाली विद्यार्थी

काठमाडौं/दक्षिण कोरियाको कालोसूचीमा रहेका विश्वविद्यालयमा नेपाली विद्यार्थी अध्ययनका लागि पुग्ने गरेको तथ्य सार्वजनिक भएको छ । कालोसूचीमा रहेका विश्वविद्यालयमा विद्यार्थी पुगेको भन्दै सरकारले दुई महिनाका लागि एनओसी स्थगित गरेको हो ।

'दक्षिण कोरियामा डी-२ र डी-४ भिसामा अन्डर ग्र्याजुयट अध्ययन गर्न जाने विद्यार्थीको वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) जारी गर्ने कार्य दुई महिनालाई स्थगित गरिएको हो,' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उच्च शिक्षा महाशाखा प्रमुख बैकुण्ठप्रसाद अर्यालले संचारकर्मीसँग भने ।

वैशाख २७ गतेसम्म आवेदन दिएकाहरूले भने एनओसी लिन पाउने महाशाखा प्रमुख अर्याल बताउँछन् । डी-२ भिसा अन्डर ग्र्याजुयट कोर्सको हो भने डी-४ भिसा भाषा अध्ययनको लागि हो ।

कोरियास्थित नेपाली दूतावासले परराष्ट्र मन्त्रालयमा पठाएको पत्रमा डी-२ भिसामा जानेहरू सिधै विश्वविद्यालयमा भर्ना हुने गरेका छन् । तर, नेपालबाट कन्सल्टेन्सीहरूले अवैधानिक रुपमा पनि काम गर्न पाइने आश्वासन दिएर पठाउने गरेको दूतावासको दाबी छ । 'विद्यार्थीहरू पढाइभन्दा पनि काममा फोकस हुने र सोचेको जस्तो नहुँदा मानसिक तनाव र समस्यामा पर्ने गरेको उदाहरण धेरै छ,' दूतावासले परराष्ट्र मन्त्रालयलाई लेखेको पत्रमा भनिएको छ ।

डी-४ भिसामा कोरिया गएका विद्यार्थी ६ देखि १ वर्षसम्म भाषा अध्ययन गर्छन् । त्यसपछि डी-४ बाट डी-२ भिसाको लागि विद्यार्थीले अर्को विश्वविद्यालयमा आवेदन दिने गरेका छन् । तर, आवेदन दिंदा कोरिया सरकारले नै कालोसूचीमा राखेको विश्वविद्यालयमा आवेदन दिने गरेको कोरियास्थित नेपाली दूतावासले जनाएको छ ।

'डी-४ भिसाको नाममा अत्यधिक रकम असुल गर्ने, एउटै कामको लागि तीन चार पटकसम्म पैसा उठाउने, कोरियामा भएका एजेन्ट मार्फत कोठा खोजिदिने लगायतका बहानामा लुट धन्दा नै चलाउने गरेको भनी समस्यामा परेका विद्यार्थीबाट दैनिक रुपमा गुनासो आउने गरेको छ,' दूतावासको पत्रमा उल्लेख छ । तर, कुन-कुन विश्वविद्यालय कालोसूचीमा छन् भन्ने चाहिं दूतावासले खुलाएको छैन ।

यति मात्रै होइन, सोचेजस्तो नभएपछि विद्यार्थीहरू आर्थिक अभावमा पर्ने गरेको, लिभिङ टुगेदर मा बस्ने गरेको र शारीरिक शोषणमा समेत पर्ने गरेको गुनासो दूतावासमा आएका छन् । दूतावासका अनुसार, लिभिङ टुगेदरमा सँगै बसेका विद्यार्थीहरूले 'ब्ल्याकमेल' गर्दै पैसा माग्ने, नदिए प्रहरीमा रिपोर्ट गर्ने लगायतका गुनासोहरू दूतावासमा आएको परराष्ट्रलाई जानकारी गराइएको छ ।

डी-४ भिसालाई व्यवस्थित गर्न र कन्सल्टेन्सीहरूलाई जिम्मेवार बनाउन पनि दूतावासले भनेको छ । यसरी दूतावासबाट आएको पत्रको आधारमा परराष्ट्र मन्त्रालयले शिक्षा मन्त्रालयलाई पठाएपछि तत्कालका लागि एनओसी स्थगित गरिएको हो ।

यो विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न शिक्षा मन्त्रालयले एक कार्यदल बनाएको छ । उच्च शिक्षा महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल बनाइएको हो ।

**कन्सल्टेन्सी सञ्चालकको आपत्ति**

सरकारले कोरियाको लागि एनओसी स्थगित गरेपछि कन्सल्टेन्सी सञ्चालकहरूले आपत्ति जनाएका छन् । 'दुई चार वटा केस आउँदैमा एनओसी बन्द गर्नु गलत हो । सरकारको निर्णयमा हाम्रो आपत्ति छ । लाखौं विद्यार्थीको हकमाथि हस्तक्षेप भयो । गल्ती भएको भए सच्याउने हो बन्द गर्ने होइन,' नेपाल शैक्षिक परामर्श संघका अध्यक्ष शेषराज भट्टराईले भने, 'यदि कन्सल्टेन्सीबाट गल्ती भएको भए जसले गरेको हो त्यसलाई कारबाही गरिनुपर्छ ।'

भट्टराईले डी-२ र डी-४ भिसालाई लिएर सरकारले शैक्षिक परामर्श व्यवसायमाथि आधारहीन, एकपक्षीय र पूर्वाग्रही टिप्पणी गरेको बताए । 'कालोसूचीमा कुन विश्वविद्यालय छ त्यसको लागि एनओसी रोक्दा भइहाल्छ । दूतावासको पत्रमा परामर्श संस्थाहरूलाई गम्भीर, अतिरञ्जित र प्रमाणविहीन आरोप लगाइएको छ,' अध्यक्ष भट्टराईले भने ।

उनीहरूले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तलाई भेटेर एनओसी बन्द गर्ने निर्णय पुनर्विचार गर्न ध्यानाकर्षण गराएका छन् । शैक्षिक परामर्श संस्था र शिक्षा मन्त्रालयबीच समन्वय गरी पारदर्शी प्रक्रियाबाट नेपाली विद्यार्थीको उच्च शिक्षा हासिल गर्ने अधिकार सुरक्षित गर्न संघले माग गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

## नेपालमा १० दिन खिचेपछि प्याकअप भयो शोभितको 'पीआर'

काठमाडौं/निर्देशक शोभित बस्नेतले दुई चरणमा गरेर आफ्नो नयाँ फिल्म 'पीआर'को सम्पूर्ण छायांकन सकाएका छन् । नेपालमा १० दिन छायांकन गरेपछि सोमबार फिल्म प्याकअप भएको हो । नेपालअघि गत फागुनमा १८ दिन अष्ट्रेलियामा फिल्म खिचिएको थियो । नेपालमा धम्पुस, पोखरा र चित्लाङमा फिल्मको छायांकन गरिएको हो ।

निर्देशक बस्नेतले कथाको मागअनुसार अष्ट्रेलिया र नेपालमा फिल्म खिचिएको जानकारी दिए । 'कथा नै अष्ट्रेलिया र नेपालसँग सम्बन्धित छ । यसैले छायांकन पनि दुवै देशमा गरेका हौं,' उनले भने, 'कलाकारहरुले राम्रो काम गर्नुभएको छ । त्यसैले फिल्म एकदमै राम्रो बनेको छ । यसमा म ढुक्क छु ।'

सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा नीर शाह, गौरी मल्ल, दिक्पाल कार्की, रविन्द्र खड्का, उत्तम केसी, आर.ए. सुरज पौडेल, राजन कुँवर, विनिता कार्की, पूजा चौधरी, विमला खत्री, आश्मा अधिकारी, कुशल थापा, गणेश बुढाथोकी, कृष्ण थापा, म्याक्स, नवीन घायल लगायतको अभिनय छ । विदेशमा रहेका नेपालीहरुले पीआरका लागि गर्ने संघर्ष र नेपालबाट अभिभावकहरुको आशा र भरोसाको कथामा आधारित भएर बनेको फिल्ममा प्रदीप दाहाल, लक्ष्मण सापकोटा र रन्जित शाह निर्मातामा छन् । यसमा सौरभ मानन्धर (अष्ट्रेलिया) र सौरभ लामा (नेपाल)को छायांकन, मानस राज र भीम बिसीको संगीत, रामजी लामिछानेको नृत्य तथा गणेश बुढाथोकीको लेखन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### १० बुँदे घोषणापत्र जारी गर्दै प्रदेश युवा सम्मेलन सम्पन्न

# युवा परियोजना बैंक स्थापनाको माग




साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/१० बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेश युवा सम्मेलन २०८२ सकिएको छ । वैशाख २८ गतेदेखि प्रदेश युवा परिषद् बागमतीको आयोजना भएको ३ दिने सम्मेलन मंगलबार १० बुँदे घोषणाजारी गर्दै सकिएको हो ।

परिषद्द्वारा जारी घोषणा पत्र मंगलबार नै युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन र मुख्यमन्त्री बहादुरसिंह लामालाई बुझाइएको छ । परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईद्वारा जारी घोषणापत्रमा प्रदेशको नीति निर्माण, नवप्रवर्तन र उद्यमशीलतामा युवाको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिइएको छ । घोषणापत्रमा तीन तहका सरकारबीच समन्वय गरी युवा परियोजना बैंक स्थापनाको माग गरिएको छ । नीति निर्माणदेखि बजेट, कानुन मस्यौदासम्म युवाको अनिवार्य सहभागिता सुनिश्चित गर्नुपर्ने माग गरिएको कार्यकारी उपाध्यक्ष चौंलागाईले बताए ।

स्थानीय तहमा स्थानीय युवा परिषद् गठन गरी युवामैत्री नीति र बजेट निर्माण गर्न आवश्यक रहेको घोषणापत्रमा जनाइएको छ । 'युवा सीपवर्ष २०८१'का कार्यक्रमलाई आगामी वर्ष निरन्तररुपमा सञ्चालनको व्यवस्था गर्न समेत माग गरिएको छ । सीपमूलक तालिमसँगै उद्यम सञ्चालन, बजारीकरण, लगानी पहुँच, प्राविधिक परामर्श र अनुगमनलाई जोडेर एकीकृत ढाँचामा सञ्चालन गर्नुपर्ने उपाध्यक्ष चौलागाईले बताए । सीपमा आधारित स्वरोजगारको लागि अनुदान, सहुलियत ऋण र सहकारी प्रणालीलाई कार्यान्वयन गर्नुपर्ने माग घोषणापत्रमा गरिएको छ ।

बागमती प्रदेश सरकारले जलवायु संकटलाई सम्बोधन गर्न वातावरण संरक्षण, हरित रोजगारीको सिर्जना र जलवायु न्याय सुनिश्चित गर्ने विषयमा युवाको नेतृत्वमा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । युवाले नेतृत्व गरेका 'ग्रीन इनोभेसन' र 'सस्टेनेबल स्टार्टअप'मा लगानी सहज बनाउन सार्वजनिक-निजी साझेदारीको माध्यमबाट पहुँचवृद्धि गर्नुपर्ने माग परिषद्को रहेको छ । कृषि नवप्रवर्तन कोष स्थापना गरी युवालाई कृषिक्षेत्रमा आकर्षित गर्ने, स्मार्ट फार्मिङ र एग्रो-स्टार्टअपलाई प्रवर्द्धन गर्ने, कृषिमा डिजिटल प्रविधिको प्रयोग अनिवार्य गरिनुपर्ने र कृषिउद्यम गर्न चाहने गरेका विद्यार्थी प्रमाणपत्रको अधारमा कर्जाप्रवाह गरिनुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

त्यसैगरी युवाको सिर्जनात्मक क्षमतालाई प्रशिक्षण, उपकरण, सञ्जाल र प्रस्तुतीकरणको अवसरमार्फत् अभिव्यक्त गर्न सहज वातावरण निर्माण गर्न पनि माग गरिएको छ । प्रदेशमा युवा लक्षित 'मानसिक स्वास्थ्य परामर्श केन्द्र', विद्यालय तथा कलेजस्तरमा 'साइको-सोसल सपोर्ट सिस्टम', २४ सै घण्टा उपलब्ध 'हेल्पलाइन सेवा' स्थापना गर्नुपर्ने विषय घोषणापत्रमा उल्लेख गरिएको छ । सम्मेलनमा कृषिमा नवप्रर्वतन र युवा संलग्नता सम्भावना र चुनौती, डिजिटल शुसासन र प्रविधिमा युवा, शिक्षा सीप र सिर्जना, दिगो विकासमा जलवायु परिवर्तन र युवा, नीति नेतृत्व र युवा संलग्नता तथा मुख्यमन्त्रीसँग युवालगायत विषयमा विज्ञसँग प्यालन छलफल र कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।

# क्रियाशील मेलमिलापकर्ताको लागि कानूनी शिक्षा सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ मकवानपुरको थाहा नगरपालिकाले नगरमा क्रियाशील मेलमिलापकर्ताको लागि कानूनी शिक्षा सचेतना सहित ३ दिने कानुनी शिक्षा अभिमूखीकरण गरेको छ ।

विशेषगरी तालिममा मेलमिलापकर्ताको भूमिका र विवाद व्यवस्थापनसम्बन्धी जानकारी गराइएको थियो । मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारी र सदस्यलाई विवाद, विवादको स्वरुप, कारण, चरण, सामुदायिक अन्तर निर्भरता, प्रचलित उपायहरु, मेलमिलापको ऐतिहासिक विकासक्रम, विवाद समाधानका रणनीति, मेलमिलापकर्ताको भूमिका र दायित्व, मान्यता, हित अडानसम्वन्धी जानकारी, मेलमिलाप प्रक्रियाको जानकारी, आशय प्रभाव तथा निष्कर्ष तहको जानकारी, मेलमिलापपूर्व पश्चातको जानकारी, मेलमिलाकर्तामा हुनुपर्ने गुणहरु, मेलमिलापका लागि चाहिने थप सीपको वारेमा प्रशिक्षण गरिएको न्यायिक समिति सहजकर्ता गोपी कार्कीले जानकारी दिइन् ।

३ दिने तालिम समापनमा नगरप्रमुख बिष्णु बिष्टले स्थानीय सरकारलाई सफल बनाउन मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण भएको बताएका छन् । वडा र समुदाय तहमा मेलमिलापबाट विवादको टुंगो लगाउन सकियो भने नगरपालिका तहमा कार्यबोझ कम हुने र पालिकाको गरिमा उचो हुने उनको भनाई थियो । थाहा नगरपालिका न्यायिक समिति संयोजक भरत गोपालीले न्यायसम्पादन गर्दा कसैले पनि राजनैतिक पूर्वाग्रह राखेर न्यायसम्पादन गर्न नुहने बताए । उनले समुदायमा मेलमिलापकर्ताको महत्वपूर्ण भूमिका रहने भन्दै न्यायले पीडितलाई झन पीडा र पीडकलाई उत्साही हुने खालको न्यायसम्पादन गर्न नहुने बताए ।

तालिममा सहभागीले समुदायमा भएको विवादलाई मेलमिलाप गराउदा अपनाउनुपर्ने ज्ञान, सीप प्राप्त भएको र त्यस्ता विवाद समाधान गर्न थप जानकारी मिलेको बताए । सहभागीले वडामा देखिएका समस्या अब नगरपालिका नआएर वडामै बिवाद मिलाउन आफूहरु लाग्ने बताए । तालिममा प्रशिक्षक अधिवक्ता प्रवीण हुमागाई, पुष्कर पराजुली, सुष्मा पौडेल, बन्धुराज पौडेल, कविता अधिकारीले न्यायिक समिति र मध्यस्थकर्ताले न्यायसम्पादनमा खेल्नुपर्ने भूमिका बारेमा सहजीकरण गरेका थिए । कार्यक्रममा थाहाका १२ वटै वडाका मेलमिलापकर्ताको सहभागिता रहेको थियो।

### भुगर्भविद्को प्रारम्भिक अध्ययनको प्रतिवेदन:

# घटनाको प्रमुख कारण ५ वर्ष अघि खनिएको बोरिङ

साझाकुरा संवाददाता



हेटौंडा, ३० बैशाख/ हेटौंडा उपमहानगरपालिका-१६ गैरीगाउँमा जमिन भासिएर गाडी हराएको विषयमा खानी तथा भूगर्भ विभागको टोलीद्वारा गरिएको प्रारम्भिक अध्ययनको प्रतिवेदन आएको छ ।

घटनाको प्रमुख कारण जमिनमुनिको सिल्ट मिश्रित पानीको निष्कासन रहेको देखिएको छ । घटनास्थल र आसपासका क्षेत्रबाट संकलन गरिएको नमूना परीक्षण नतिजा अनुसार हाल भासिएको स्थानमा ५ वर्ष अघि खनिएको बोरिङ रहको र बोरिङबाट लामो समयसम्म सिल्ट मिश्रित धमिलो पानी निरन्तर निष्कासित हुँदै आएको देखिएको छ ।

भूगर्भविद्का अनुसार यही प्रक्रियाले जमिनभित्र ससाना भ्वाङहरु बनाउँदै गएको र अन्ततः जमिनमाथि निरन्तर भार रहँदा त्यो भासिँएर ठूलो खाडलमा परिणत भएको पाइएको छ । भूगर्भविद्को अध्ययन नतिजा अनुसार सिन्कहोलको केन्द्रदेखि भासिएको सडकको पूर्वीभागमा ४/२ मिटरको क्षेत्रफमा उच्चचुम्बकीय असमानता देखाएको छ । यो संकेत भासिएका गाडीले उत्पन्न गर्ने असमानतासँग मिल्दोजुल्दो देखिएको भूगर्भविद्ले बताएका छन् ।

अनुसन्धानका क्रममा भूगर्वविद्को टोलिले ८ मिटर गहिराइसम्म फलामे ड्रिलिङ रड धसाएका थिए । करिब ६ मिटरमा अबरोध आएपछि सोही गहिराइमा सवारीसाधन भएको अनुमान गरिएको छ । अध्ययनले जमिनको अवस्था कमजोर देखिएको छ । सिन्क होल बनेको स्थानको माटोको परीक्षणबाट ५ मिटर गहिरासम्म पाँगो माटो र त्यसमुनि मसिनो वालुवा रहेको पुष्टि भएको छ । साथै जमिनको सतहभन्दा करिब ५ दशमलव ५ मिटरमुनि भूमिगत जल सतह रहेको देखिएको भूगर्वविद् कृष्ण पाण्डेले बताए ।

विशेषज्ञहरुका अनुसार, यसक्षेत्रको माटोको संरचना खुकुलो र कमजोर भएकाले एक्स्काभेटर वा क्रेन प्रयोग गरेर गाडी निकाल्न जोखिमपूर्ण हुने बताइएको छ । जमिनको भारवहन क्षमता कमजोर रहेकाले यसक्षेत्रमा उत्खनन गर्दा विस्तृत इन्जिनियरिङ योजना, प्रबलिकरण, थप अध्ययन, विशेषज्ञको निगरानीमा मात्र गर्नुपर्ने भूगर्भविद्को सुझाव छ । भूगर्भीय नक्सा, उपग्रह तस्बिर, र प्रोटोन म्याग्नेटोमिटर लगायत प्रविधिको प्रयोगमार्फत अध्ययन गरिएको थियो ।

वैशाख १९ गते जमिन भासिएर ना ४ च ४८३३ नम्बरको पिकअप गाडी हराएपछि हेटौंडा उपमहानगरको आग्रहमा भासिएको क्षेत्रको अध्ययनका लागि विभागका जियोलोजिष्ट डा. नारायण अधिकारीको नेतृत्वमा कृष्ण पाण्डे, मणि खनाल र अमरबहादुर थापाको टोली हेटौंडा आएर नमूना संकलन गरेका थिए । संकलित संकलित नमूनाको परीक्षण लैनचौरस्थित खानी तथा तथा भूगर्भ विभागको जियोटेक्निकल प्रयोगशालामा परीक्षण गरिएको थियो ।

# पालिकास्तरीय महिला भलिबल प्रतियोगिता हुने



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/जेठ ४ गतेबाट हेटौंडामा पालिकास्तरीय महिला भलिबल प्रतियोगिता आयोजना हुने भएको छ ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानले जिल्ला भलिबल संघसँगको सहकार्यमा पालिकास्तरीय भलिबल प्रतियोगिताको आयोजना गर्न लागेको हो । जेठ ४ देखि ६ गतेसम्म हेटौंडाको हुप्रचौरमा प्रतियोगिता आयोजना गर्न लागिएको प्रतिष्ठानका महासचिव समेत रहेका भलिबल संघका अध्यक्ष वसन्तकुमार सिटौलाले जानकारी दिए । प्रतियोगिता मकवानपुरका १० पालिकाको महिला खेलाडीले सहभागिता जनाउनेछन् । लिगकम नकआउटको आधारमा सञ्चालन हुने प्रतियोगितामा प्रत्येक पालिकाले जिल्ला बाहिरका २ खेलाडी सहभागी गराउन पाउनेछन् ।

प्रतियोगिताको विजेताले एक लाख, उपविजेताले ८० हजार र सेमिफाइनलमा पुग्ने अर्को दुइ टिमले समान ३० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ७ हजार तथा अन्य विधागत उत्कृष्टले जनही नगद ४ हजार रुपैयाँ सहित ट्रफी प्राप्त गर्नेछन् । पालिकास्तरीय भलिबल प्रतियोगिताको लागि करिब ७ लाख रुपैयाँ खर्च हुने अनुमान गरेको आयोजकले बताएको छ ।

'स्वर्गीय केशवलाल श्रेष्ठको स्मृतिमा स्थापना भएको यस प्रतिष्ठानले विशेषगरी भलिबलका विभिन्न गतिविधि गर्दै आएको छ', प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले भने, 'जिल्लामा महिला खेलाडीको उत्पादनसँगै खेलाडी छनोट, भातृत्वको सम्बन्ध स्थापना र खेलकुदको विकासका निम्ति अन्तरपालिका भलिबल प्रतियोगिता आयोजना गर्न लागेका हौं । यसको तयारीलाई तीव्र बनाइएको छ ।' प्रतियोगिताका लागि राजु घलेको संयोजकत्वमा समिति निर्माण भएको छ ।

# दुग्घ संघले भुक्तानी नदिने उद्योगीको विवरण जिल्ला प्रशासनमा बुझायो

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ दुग्ध विकास संस्थान र निजी डेरी उद्योगले भुक्तानी नदिने उद्योगीको विवरण जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बुझाएको छ ।

लामो समयसम्म कृषलाई दुग्धको बक्यौता रकम भुक्तानी नगरेकोले मकवानपुर जिल्ला दुग्घ उत्पादक सहकारी संघले मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठसमक्ष जिल्लाभरमा रहेका दुग्ध उत्पादक सहकारी संस्थाले उद्योगसँग लिनुपर्ने विवरण सहित भुक्तानीको लागि आवश्यक सहजिकरणका लागि अनुरोध गरेको छ । केन्द्रीय दुग्ध सहकारी संघले घोषणा गरेको कार्यक्रमअन्तरगत मंगलबार प्रमुख जिल्ला अधिकारीलाई यो विवरण पेश गरिएको मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेलले बताए ।

केन्द्रीय दुग्ध सहकारी संघले गत बैशाख २६ गते घोषणा गरेको कार्यक्रमअन्तरगत मंगलवार प्रमुख जिल्ला अधिकारीलाई यो विवरण पेश गरिएको हो । गत जेठ २५ गतेदेखि असार ४ गतेसम्म कृषकको दूधको भुक्तानीका लागि गरेको आन्दोलनपश्चात कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव, सहसचिव, राष्ट्रिय दुग्ध विकास बोर्डका निमित्त निर्देशक, दुग्ध विकास संस्थानका महाप्रबन्धकलगायत आन्दोलनरत किसान प्रतिनिधिको उपस्थितिमा भएको १० बुँदे सम्झौता गरेको थियो ।

सम्झौता हालसम्म कार्यन्वयन नभएकोले सम्झौता कार्यान्वयन गर्नको लागि आग्रहसहित आगामी जेठ १ गतेदेखि चरणबद्ध आन्दोलनको घोषणा गरेको थियो । हाल मकवानपुरमा ६२ वटा सहकारी संस्थामार्फत् करिव १३ हजार कृषकले दैनिक ८५ हजार लिटर भन्दा बढी दुध उत्पादन गरी संकलन गर्दै मासिक १८ करोड भन्दा बढी रकम आम्दानी गर्दै आएका छन् । मकवानपुर जिल्ला दुग्घ उत्पादक सहकारी संघको सहजीकरणमा देशका बिभिन्न दुग्ध उद्योगले मकवानपुरका सहकारीबाट कच्चा दुग्ध खरिद गर्दै आएकोमा उद्योगले लामो समयदेखि २२ करोड भन्दा बढी रकम भुक्तानी नगरेको संघका निमित्त व्यवस्थापक दामोदर आधिकारीले बताए ।

पटकपटकको ताकेता र आग्रह गर्दापनि उद्योगले सम्झौता अनुसारको रकम भुक्तानी नगरेको निमित्त ब्यवस्थापक अधिकारीले बताए । सहकारी संघ प्रतिनिधिसँगको छलफलमा मकवानपुर जिल्लाकी प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठले स्थानीयक्षेत्रमै दुधको विविधिकरणका लागि उद्योग स्थापना गर्न सुझाव दिइन् । उनले भुक्तानी दिन बाँकी उद्योगीसँग आवश्यक समन्वय गर्ने पनि बताइन् । छलफलमा केन्द्रीय दुग्ध सहकारी संघका निवर्तमान अध्यक्ष नारायणप्रसाद देवकोटा, सञ्चालक बिदुर हुमागाई, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका सञ्चालक हेमप्रसाद न्यौपाने लगायत बिभिन्न सहकारी संघ/संस्थाका अध्यक्ष, ब्यवस्थापकको सहभागिता रहेको थियो ।


# हार्दिक समवेदना



जन्म: १९९७-०३-१५

स्वर्गारोहण: २०८२-०१-१९

**स्व. शिवराम सुवेदी**

यस संघका पूर्व अधिकृत कर्मचारी श्री अर्जुन सुवेदी तथा कर्मचारी **श्री कमला रिजालन**को पूजनीय पिता एवम् यस संघका पूर्व कर्मचारी **शिवराम सुवेदी**को यहि मिति २०८२ साल बैशाख १९ गतेका दिन असामयिक निधन भएको हुंदा आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सरोजकुमार खनाल** महासचिव एवम् **हिरालाल श्रेष्ठ** अध्यक्ष

**नारायणी यातायात व्यवसायी संघ कार्यसमिति परिवार**

पारिजातपथ, हेटौंडा ४, मकवानपुर




१. जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
२. सलाई, लाईटर, मट्टीतेल र ग्यास जस्तो आगो लाग्ने सामाग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
३. ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
४. गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
५. हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले बिशेष सावधानी अपनाउनुहोस् ।
६. घाँस र दाउराको लागि जंगलमा जादा आगो लाग्ने सामाग्रीहरु पुर्ण रुपमा निषेध गर्नुहोस् ।
७. गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा बिशेष सावधानी अपनाउनुहोस् ।
८. यदि कसैले अटेरी गरी गहुँ अवशेषमा आगो लगाएमा रु. २५,००० ।- सम्म जरिवाना सँगै क्षतिपुर्ति र कानुन बमोजिमको कार्वाही गरिन्छ ।
९. यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**मकवानपुरगढी गाउँपालिका कार्यालय**
मकवानपुर

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

**जनहितमा जारी सन्देश !**

बालबालिकाहरुलाई विभिन्न संक्रामक रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना भित्रको उमेरमा विभिन्न खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराएमा मात्र बच्चाहरुलाइ स्वस्थ राख्न सकिन्छ । तसर्थ १५ महिना उमेर भित्रमा लगाउनु पर्ने कुनै खोप छुट भएको भए नजिकैको खोप केन्द्रमा लगि आ-आफ्नो बालबालिकालाई पूर्ण खोप गराउनहुन अपिल गर्दछौ ।

**याद गर्नुहोस्**: नेपाल सरकारद्वारा बैशाख महिनालाइ खोप महिनाको रुपमा मनाइदैंछ त्यसैले ५ बर्ष मुनिका आ-आफ्ना बालबालिकाले १५ महिना भित्रको उमेरमा लागाउनु पर्ने सबै खोपहरु पूरा भएको सुनिश्चित हुनुहोस् यदि छुट भएको भए नजिकैको स्वास्थ्य संस्था, खोप केन्द्र, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका वा नि:शुल्क कल सेन्टर १११५ मा सम्पर्क गर्नुहुन अनुरोध छ । सबै खोपहरु लगाएमा मात्र बालबालिकाहरुलाई रोगबाट सुरक्षित र स्वस्थ्य राख सकिन्छ । खोप लगाएता पनि सधै सरसफाईका सबै ब्यबहारहरु पालना गरौं ।

**जिल्ला खोप समन्वय समिति,**
**जनस्वास्थ्य कार्यालय मकवानपुर**

स्वास्थ्य, सभ्यता र विकासका लागि सरसफाई
हामी सबैको एउटा रहर पूर्ण सरसफाइयुक्त गाउँ शहर

**पूर्ण सरसफाईका विषय र सूचकहरू**

(१) **चर्पीको समुचित प्रयोग** : चर्पीको नियमित सरसफाई गर्ने, सुरक्षित चर्पीमा दिसापिसाब गर्ने र दिसा गरेपछि साबुन पानीले हात धुने ।
(२) **साबुन पानीले हात धुने र ब्याक्तिगत सरसफाई** : चर्पीको प्रयोग गरेपछि, खाना बनाउनु/खानु अघि र फोहोर वस्तु छोएपछि साबुन पानीले हात धुने तथा नियमित रुपमा नुहाउने, लुगा धुने लगायत ब्याक्तिगत सरसफाई गर्ने । ।
(३) **सुरक्षित पानीको प्रयोग:** कम्तिमा आधारभूत स्तरको खानेपानी सुविधाको प्रयोग, खानेपानीका संरचनाको सरसफाई गर्ने, घर, विधालय र कार्यालयमा शुद्धीकरण गरेको पानी प्रयोग गर्ने ।
(४) **सुरक्षित खानाको प्रयोग:** खाना पकाउने भाँडा, भान्छा सफा राख्ने, खानेकुराहरु राम्रोसँग पकाएर मात्र खाने, बासी र सडेगलेका खानेकुराहरु नखाने ।
(५) **सफा र स्वच्छ घर, बिद्यालय र कार्यालय:** उल्लेखित स्थानहरु सरसफाई गर्ने, फोहोरको उचित विसर्जन गर्ने, पशुपंछीको मलमुत्रको उचित व्यवस्थापन गर्ने ।
(६) **वातावरणीय सरसफाई:** खुला दिसामुक्त अवस्था कायम गर्ने, सार्वजनिक शौचालयको व्यवस्था, बाटोघाटो र नदीनालामा सरसफाई गरी स्वच्छता कायम गर्ने ।

बागमती प्रदेश सरकार
**खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय**